प्रभाव दैनिक
National Daily

ज्येष्ठ नागरिकको सम्मान गरौं, सभ्यताको परिचय दिऔं।
- ज्येष्ठ नागरिकलाई सम्मान गरौं,
- ज्येष्ठ नागरिकसँग भएको ज्ञान, सीप, अनुभव र क्षमताको उपयोग गरौं,
- घर तथा सार्वजनिक स्थलमा ज्येष्ठ नागरिकमैत्री वातावरण निर्माण गरौं।
सभ्यताको परिचय दिऔं।
नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष ९ | अंक २०० | काठमाडौं | सोमबार, ५ मंसिर २०७९ | Prabhab National Daily | Monday, November 21, 2022 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-

निर्वाचन महाउत्सव

# १५ वर्षपछि कम मतदान

पहिलो संविधानसभा चुनाव २०६४ मा भन्दा यो निर्वाचनमा मत कम खसेको छ । उक्त निर्वाचनमा ६१.७० प्रतिशत मत खसेको थियो । २०७४ को प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा ६८.६६ प्रतिशत मत खसेको थियो ।

- १५ वर्षपछि ६१ प्रतिशत मतदान
- प्रत्यक्ष र समानुपातिकको मत एकैपटक गणना
- १४ वटा मतदानस्थलका ४४ वटा मतदान केन्द्रमा मतदान स्थगित
- स्थगित भएको मतदान दुई दिनमा गर्न निर्देशन
- एक जनाको प्रहरीको गोली लागेर मृत्यु, तीन जना घाइते
- झडपलाई नियन्त्रणमा लिन ३५ राउण्ड हवाई फायर
- ८२५ सांसदका लागि ६१ दल चुनावमा सहभागी


दार्चुलाको मालिकार्जुन गाउँपालिका–८, शंबकरपुर माध्यमिक विद्यालय पस्ती 'ख' मतदान केन्द्रमा मतदान गर्दै १०५ वर्षीय रघुवर पन्त । *तस्बिरः गणेशसिंह धामी/रासस*

सम्पूर्ण विवरण प्राप्त भएपछि केही प्रतिशत बढ्न सक्ने अनुमान छ । यद्यपि, यो निर्वाचनमा खसेको मत आयोगले गरेको अपेक्षाभन्दा कम हो भन्ने हामीलाई लागेको छ ।

**दिनेशकुमार थपलिया**
प्रमुख निर्वाचन आयुक्त

०००

राजनीतिक दलहरूप्रति मतदाताको वितृष्णा देखिएको छ । के भोट हाल्न जानु ! भन्ने सोच कतिपय मतदातामा देखिन्छ । यही कारणले कम मत खसेको हुन सक्छ ।

**इला शर्मा**
पूर्वनिर्वाचन आयुक्त

■ **जेबी योञ्जन**

**काठमाडौं-** मुलुक संघीय प्रणालीमा गएपछि दोस्रोपटक प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन आइतबार सम्पन्न भएको छ । यो चुनावबाट प्रतिनिधिसभामा १६५ जना र प्रदेशसभामा ३३० जना प्रत्यक्षतर्फ चुनिने छन् ।

समानुपातिकतर्फबाट प्रतिनिधिसभामा ११० जना र प्रदेशसभामा २२० जना सांसद चुनिने निर्वाचन आयोगले जनाएको छ । दुवै तहको दुवै निर्वाचन प्रणालीबाट चुनिने सांसदको संख्या ८२५ हुनेछ । दुवै संसद्को कार्यकाल पाँच वर्ष हुनेछ ।

मतगणना केही जिल्लामा आइतबार रातिदेखि सुरु भएको छ । केहीमा भने आजदेखि हुने भएको छ । प्रत्यक्ष र समानुपातिक दुवैतर्फको मतगणना एकै पटक हुने आयोगले जानकारी दिएको छ ।

प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले चुनावमा ६१ प्रतिशत मतदान भएको बताए । ३९ प्रतिशत मतदाता मतदानमा सहभागी भएनन् । यो आयोगको प्रारम्भिक तथ्यांक हो । प्रमुख आयुक्त थपलिया स्वयं पनि मुलुकभर खसेको मतप्रति सन्तुष्ट देखिएनन् ।

'अहिलेसम्म प्राप्त प्रारम्भिक विवरणअनुसार ६१ प्रतिशत मतदान भएको देखिन्छ । सम्पूर्ण विवरण प्राप्त भएपछि केही प्रतिशत बढ्न सक्ने अनुमान छ,' आइतबार साँझ (**बाँकी पृष्ठ ३ मा**)

चुनावमा हिंसा

## एकको मृत्यु, ठाउँठाउँमा बम विष्फोट

**काठमाडौं (प्रस)-** बाजुराको त्रिवेणी नगरपालिका-७ स्थित दम्था मदतानस्थलमा प्रहरीले प्रहार गरेको गोलीले लागेर २५ वर्षीय सञ्जिव ऐडीको मृत्यु भएको छ । एक जना स्थानीयले मतपेटिका खोस्न खोज्दा उत्पन्न विवाद झडपमा परिणत हुँदा प्रहरीले हवार फायर गरेको र स्थिति नियन्त्रणमा नआएपछि गोली प्रहार गरेको जनाएको छ ।

त्यस क्रममा प्रहरी हवल्दार कृष्ण कुँवर र दुई जना स्थानीय पर्शुराम पाध्याया र खडक अएडी घाइते भएको प्रमुख जिल्ला अधिकारी प्रकाशचन्द्र अधिकारीले जानकारी दिए । उनीहरूलाई उपचारका लागि नेपाली सेनाको हेलिकप्टरबाट काठमाडौं ल्याइएको (**बाँकी पृष्ठ ३ मा**)

सन्दर्भ : वैदेशिक रोजगार

# विदेशमा रहेका नेपाली मतदानबाट वञ्चित

■ **प्रभाव संवाददाता**

**काठमाडौं-** विदेशमा रहेका लाखौं नेपाली यसपटक पनि मतदानाबाट वञ्चित भएका छन् । आइतबार सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनमा उनीहरूले मतदान गर्न नपाएका हुन् ।

दलहरूले पटक-पटक विदेशमा रहेका नेपालीलाई त्यहींबाट मतदान गर्न पाउने व्यवस्था गर्ने बताउँदै आए पनि त्यो हुन सकेको छैन । यसबाट लाखौं युवा मताधिकारबाट वञ्चित हुनुपरेको छ । रोजगारी, व्यवसाय तथा उच्च शिक्षाका लागि लाखौं नेपाली विदेशिएका छन् । उनीहरूले आफू कर्मभूमिमा जहाँ रहे पनि नेपालमा हुने निर्वाचनमा भाग लिन पाउनुपर्ने माग गर्दै आएका छन् । यस्तो व्यवस्था गर्न राज्य संयन्त्रका साथै दलहरू उदासीन बन्नुको परिणाम उनीहरू मतदानबाट वञ्चित हुनुपरेको एक जना वैदेशिक रोजगार व्यवसायी बताउँछन् ।

'हामी विदेशी भूमिमा काम गर्न आउनु रहरले होइन, बाध्यताले हो । यहाँबाटै निर्वाचनमा मतदान गर्न पाउने अपेक्षा यसपालि पूरा हुने अपेक्षा थियो तर भएन,' खाडी मुलुक कतारमा पाँच वर्षदेखि कार्यरत मनिकुमार राईले अनलाइन कुराकानीमा भने । गैरआवासीय नेपाली संघले पनि विदेशबाटै मतदान गर्न पाउनुपर्ने आवाज लामो समयदेखि उठाउँदै आएको छ । प्रधानमन्त्री, मन्त्री तथा दलका शीर्ष नेताहरूले संघको विभिन्न



त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा निर्वाचनका दिन वैदेशिक रोजगारीका लागि हिंडेका युवाहरू । *तस्बिरः किरणराज विष्ट/रासस*

> मुलुकमा आगामी पाँच वर्षका लागि जनप्रतिनिधि चुन्ने निर्वाचन चलिरहेकै दिन आइतबार विदेसिने युवाहरूको भीड त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा देखिन्थ्यो ।

कार्यक्रममासमेत मतदानको अधिकार दिलाउने घोषणा गर्दै आएका थिए । तर, निर्वाचन आयोगले यसपालि पनि त्यो व्यवस्था गर्न सकेन ।

मुलुकमा आगामी पाँच वर्षका लागि जनप्रतिनिधि चुन्ने निर्वाचन चलिरहेकै दिन आइतबार विदेसिने युवाहरूको भीड त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा देखिन्थ्यो । त्यही भीडमा भेटिएका असलमान साह मलेसिया जाँदै थिए । सिरहा घर भएका उनी तीन महिनाको बिदा सकेर पुनः मलेसिया जान लागेका थिए । 'मतदान गर्ने त इच्छा थियो, तर आज जसरी पनि जानुपर्ने भएकाले मतदान गर्न पाइएन,' साहले भने । तीन वर्ष मलेसिया बसेर बिदामा आएका उनी पुनः जान बाध्य भएको बताए । छोराछोरीको भविष्यका लागि वैदेशिक रोजगारी आफ्नो बाध्यता भएको उनले सुनाए ।

मकवानपुरका वेदबहादुर लामा भने पहिलोपटक साउदी जान लागेका थिए । उनी पनि मतदान गर्न नपाएकोमा दुःखी भएको सुनाए । साह र लामा जस्तै बाध्यताले विदेशिने धेरै छन् । हाल दैनिक एक हजारभन्दा बढी वैदेशिक रोजगारीका लागि जाने गरेको तथ्यांक वैदेशिक रोजगार विभागको छ । यसरी विदेशिने श्रमिकहरूले पठाउने रेमिटयान्सले मुलुकको अर्थतन्त्रमा महत्त्वपूर्ण योगदान पुऱ्याइरहेको छ । तर, उनीहरूले विदेशमै बसेर पनि आफ्नो देशको प्रतिनिधि छान्न पाउने वातावरण बनाइएको छैन ।

चुनावमा दलहरूले स्वदेशमै रोजगारीको ग्यारेण्टी गर्ने प्रतिबद्धता जनाएका छन् । उनीहरूले वैदेशिक रोजगारीको बाध्यतालाई हटाउन आकर्षक योजनाहरू समेटेका छन् । दलहरूले यसरी प्रतिबद्धता जनाएको पहिलोपटक भने होइन । विगतका घोषणापत्रहरू हेर्ने हो भने पनि सोही प्रतिबद्धता दोहोरिँदै आएको पाइन्छ । तर, व्यवहारमा जुन दलले सरकारको नेतृत्व गरे पनि चुनावी प्रतिबद्धता कार्यान्वयन गरेका छैनन् । यसले दलहरूप्रति युवाहरूको आकर्षण ह्वात्तै घटेको यसपालिको निर्वाचनमा देखिएको छ ।

यद्यपि, आगामी सरकारमा जुनसुकै दल आए पनि मुलुकमा रोजगारी सिर्जना र विदेशबाट फर्किएकाहरू पुनः विदेशिनु नपर्ने वातावरण बनाउनुपर्ने वैदेशिक रोजगारीमा रहेका युवाहरूको भनाइ छ ।

जनहितमा जारी सन्देश
सुरक्षित रहौं
रोकथाम गरौं
नियन्त्रण गरौं
डेंगी
डेंगी रोग डेंगी भाइरसबाट संक्रमित एडिज जातको लामखुट्टेको टोकाईबाट मात्र सर्दछ ।
थोरै मात्र पानी जम्मा भएको भाँडामा पनि यो लामखुट्टेले फुल पार्दछ र यसको वृद्धि विकास हुन्छ ।
डेंगीको लक्षणहरुः उच्च ज्वरो आउनु, जोर्नी र मांशपेशीहरु, आँखाको गेडी र टाउको बेस्सरी दुख्नु, शरीरमा राता बिमिराहरु आउनु, वाकवाकी लाग्नु वा वान्ता हुनु आदी हुन् ।
डेंगीबाट बच्ने उपायहरू
एडिज जातको लामखुट्टेले दिनको समयमा टोक्दछ । त्यसमाथि पनि बिहान र साँझको समयमा टोक्ने सम्भावना बढी भएकोले सो समयमा थप सचेत हुने ।
आफ्नो घर वरिपरि, कार्यस्थल र सार्वजनिक ठाँउहरुमा पानी जम्न नदिने । पानी राख्ने भाँडालाई लामखुट्टे नछिर्ने गरि राम्ररी छोपेर राख्ने ।
दिउँसो पनि लामखुट्टे भगाउने धूप बाल्ने र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने ।
घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने ।
बिहान, दिउँसो, राती जुनसुकै बेला झुल लगाएर मात्र सुत्ने ।
पूरै शरिर ढाक्ने लुगा लगाउने ।
लामखुट्टेले फुल पार्न सक्ने संभावित घर भित्र र वरपरका पानी जमेको ठाँउहरु र पानी राख्ने भाडाँहरू खोजी खोजी सफा गरौं र लामखुट्टेको फुल नष्ट गरौं ।
प्रभाव दैनिक National Daily
www.prabhabonline.com
प्रभाव पब्लिकेसन प्रा.लि.
कामपा-७, सिफल, काठमाडौं




**मतदान गर्न लामबद्ध** प्रतिनिधिसभा तथा प्रदेशसभाको निर्वाचनको दिन आइतबार काठमाडौंको नव आदर्श मावि वसन्तपुर डबलीमा मतदान गर्न लामबद्ध मतदाता । *तस्बिरः रत्न श्रेष्ठ/रासस*

# काँठ क्षेत्रका मतदातामा बढी उत्साह



**काठमाडौं (प्रस)-** काठमाडौं उपत्यकामा प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनका क्रममा सहरी क्षेत्रमा भन्दा काँठ क्षेत्रमा मतदाताको बढी उत्साह देखिएको छ । काठमाडौं महानगरपालिकामा भन्दा बाहिरका नगरपालिकामा मतदाताको बढी भीड देखिएको हो । सहरी क्षेत्रका धेरै मतदानस्थलमा खटिएका कर्मचारी मतदाता कुरेर बस्ने बाध्य भएका देखिन्थे ।

काँठ क्षेत्रमा पनि यसअघिको स्थानीय तह निर्वाचनमा जस्तो मतदाताको उत्साह नदेखिए पनि सहरी क्षेत्रको तुलनामा उत्साहपूर्ण सहभागिता देखिएको काठमाडौं जिल्ला निर्वाचन क्षेत्र नं ३ का निर्वाचन अधिकृत मन्दिरा शाहीले बताए । 'यस क्षेत्रको सहरी भेग काठमाडौं महानगरपालिका-६ को सरस्वतीनगर र बौद्ध क्षेत्रमा रहेको मतदान केन्द्रभन्दा गोकर्णेश्वर नगरपालिका-३ स्थित तारेभीर क्षेत्रका मतदातामा उत्साह देखिएको छ,' उनले भने, 'गोकर्णेश्वर नगरपालिकाकै बढी जनघनत्व भएका जोरपाटी, गोकर्णभन्दा कम जनघनत्व भएको सुन्दरीजल, कागेश्वरी क्षेत्रमा मतदाता उत्साहपूर्वक मतदानमा सहभागी भएका छन् ।'

मतदानस्थलमा भेटिएका मतदातामा खासै उत्साह देखिएन । स्थानीय तह निर्वाचनमा जति पनि उत्साह मतदातामा नदेखिएको गोकर्णेश्वर नगरपालिका-१ का स्थानीयवासी रोशन पोखरेलले बताए । स्थानीय तह निर्वाचनमा स्थानीयस्तरकै धेरै उम्मेदवार हुने भएकाले धेरै मतदाताको सहभागिता रहने गरेको थियो । राजनीतिक दल र तीनै तहमा यसअघि निर्वाचित जनप्रतिनिधिको गतिविधिले पनि मतदातामा मतदान गर्न जाने जाँगर नदेखिएको उनको भनाइ छ ।

राजनीतिक दल र तिनका प्रतिनिधिले निर्वाचनमा वाचा अनुसार काम नगर्ने, विधिभन्दा पनि राजनीतिक रङका आधारमा काम गर्ने, विभिन्न विवादास्पद गतिविधिमा जनप्रतिनिधि मुछिने गरेकाले पनि निर्वाचनप्रति मतदाताको उत्साह बढ्न नसकेको हो ।

# जसलाई चुनावले छोएन...

**काठमाडौं-** बर्दिया ठाकुरद्वार-९ का गोरखबहादुर कार्की एकसुरमा हथौडा चलाइरहेका छन् । उनलाई सघाउँदै श्रीमती नजिकै बालुवा र सिमेन्टको घोल बनाउँदै छिन् ।

देशभर प्रतिनिधिसभा र प्रदेशसभाको मतदान चलिरहँदा कार्की दम्पती बेखबर नभए पनि मतदानको अवसर पाएनन् । बरु परिवारको खर्च टार्न चुवानको दिन पनि दिनभर मजदुरीमै थिए उनीहरू मुलुक चलाउने सिंहदरबार नजिकै । 'भरपेट खाएर आनन्दको निद्रा सुत्नु छ,' कार्की दम्पतीले एकै स्वरमा सुनाए ।

निर्वाचनकै दिन आइतबार सिंहदरबारको दक्षिण गेट नजिकै कार्की दम्पती आफ्नै सुरमा श्रम व्यस्त छन् । उनीहरूलाई हामीले सोध्यौं, 'भोट हाल्न किन नजाउनुभएको ?'

उनीहरूको जवाफ थियो, 'मतदाता नामावली गाउँतिरै छ, यता सहरमा भोट हाल्न पाइएन । भोट हाल्न जाउँ भनेर कसैले भनेन । कसैले खबर गरेको भए जाने थियौं ।'

बर्दिया घर भएका दम्पती विगत छ महिनादेखि यहीँ बसेर ज्यामी काम गर्दै आएका छन् । भोट हाल्न गाउँ नगई राजधानीमा संघर्षरत कार्की दम्पतीले दैनिक एक हजार ८०० देखि दुई हजार रूपैयाँसम्म आम्दानी गर्छन् ।

'छोराछोरी हुर्काइयो पढाइयो तर अहिले ठूला भएपछि छुट्टिएर बसेका छन्,' कार्कीले भने, 'हामी बूढाबूढीलाई पेट पाल्न मजदुरी गर्नुपरेको छ ।' कार्कीलाई यसपटकको निर्वाचनमा मतदान गर्न मन नभएको भने होइन । तर, मेसो नमिलेको उनको भनाइ छ । कार्की दम्पतीको जस्तै व्यथा बझाङ केदारस्यूँ गाउँपालिकाकी बर्मा धामीको पनि छ । मुलुकभर मतदान चलिरहेका बेला उनी भने काठमाडौंको रामशाह पथमा पिठ्यूँमा गह्रौं झोला बोकेर हिँडिरहेकी थिइन् । उनलाई पनि गाउँ गएर भोट हाल्ने रहर थियो । तर, आफ्नै समस्याका कारण गाउँ जान सकिनन् ।



'पढ्ने मान्छे परियो, भर्खरै आएकाले गाउँ जान पनि सकिन, घर जान धेरै पैसा लाग्छ,' उनले भनिन्, 'कसैले जाउँ पनि भनेनन्, रहर त किन नहुँदो हो र ।' धामी पुतलीसडकमा रहेको आफन्तकहाँ बस्दै आएकी छन् । चुनावका दिन गाडी नचल्ने भएपछि उनी ललितपुरको टीकाथलीसम्म पुग्न पैदल हिँडेको सुनाइन् । 'आज गाडी चल्दैन भन्ने थाहा थिएन, चल्ने भएको भए सजिलो हुन्थ्योहोला,' उनले भनिन्, 'तर नपुगी नहुने भएपछि पैदल हिँडेकी हुँ ।'

धामीजस्तै रामेछापका संगीता थापा र शारदा थापा पनि भद्रकालीदेखि अनामनगरतिर पैदलै हिँडेकी छन् । भोट हाल्न गाउँ जान नपाएपछि चुनावका दिन मन्दिर दर्शन गर्न आएका रहेछन् । भद्रकाली मन्दिरमा दर्शन गरी फर्कंदै गरेका उनीहरू बच्चा लिएर गाउँ जान समस्या हुने भएकाले नगएको बताए ।

निर्वाचन आयोगले सुरक्षालाई दृष्टिगत गर्दै मतदानका दिन बिहान ४ बजेदेखि साँझ ७ बजेसम्म उपत्यकामा सार्वजनिक सवारीसाधन चलाउन रोक लगाएको थियो । सञ्चारमाध्यम, खानेपानी, विद्युत्, एम्बुलेन्स, दमकलजस्ता अत्यावश्यक सवारीसाधनलाई भने चल्न दिइएको थियो ।

निर्वाचन आयोगका अनुसार देशभर एक करोड ७९ लाख ८८ हजार ७० मतदाता छन् । यो संख्या आयोगले कार्की दम्पतीजस्ता मतदान गर्न नपाएकाहरूलाई पनि गणना गरेको छ । केही आर्थिक अभाव तथा केही आफ्नै कारणले चुनावको उत्सवमा मतदान गर्नबाट वञ्चित भएका छन् ।

आयोगका सहायक प्रवक्ता सूर्यप्रसाद अर्यालका अनुसार मतदाता नामावली ऐनले निजामती कर्मचारी, सुरक्षाकर्मी, कैदीबन्दी, दर्ता भएर सञ्चालन भएका वृद्धाश्रमलाई समेटेको भए पनि पेसा व्यवसाय गरेका सर्वसाधारणलाई समेटन सकेको छैन ।

अन्तर्राष्ट्रिय अभ्यासमा कुनै स्थानमा तीनदेखि छ महिनासम्म नियमितरूपमा जुन स्थानमा बसोबास गरेको हो, त्यही स्थानबाट मत दिने व्यवस्था गरिएको हुन्छ । तर, हाम्रोमा निर्वाचन कानुनमा सुधार नगरी यस्तो प्रबन्ध गर्न नसकिएको सहायक प्रवक्ता अर्यालको भनाइ छ । रासस

# 'निर्वाचन आमरूपमा शान्तिपूर्ण र व्यवस्थित'

**काठमाडौं (प्रस)-** निर्वाचन पर्यवेक्षण संस्थाले प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको आइतबार भएको निर्वाचन छिटपुट घटनाबाहेक आमरूपमा शान्तिपूर्ण र व्यवस्थितरूपमा सम्पन्न भएको जनाएको छ ।

मतदानमा अपांगता भएका व्यक्ति, ज्येष्ठ नागरिकलगायत सबै वर्ग, समुदाय, लिंग र अवस्थाका मतदाताको उत्साहवर्द्धक सहभागिता भएको आमनिर्वाचन पर्यवेक्षण समिति नेपाल (जियोक)ले जानकारी दिएको छ । निर्वाचन शान्तिपूर्ण हुनुमा दल, उम्मेदवार र मतदाताको व्यवहार संयमित, सहयोगात्मक र शान्त भएको पाइएको संस्थाका महासचिव कृष्णमान प्रधानले बताए ।

बिहान प्रारम्भिक चरणमा मतदाताको पातलो उपस्थिति देखिए पनि दिउँसो मतदाताको चाप र उपस्थितिमा सुधार आएको थियो । उक्त संस्थाले मुलुकका ३६ जिल्लाको २५० पालिकामा राष्ट्रियस्तरका ३०, जिल्लास्तरका ३६ र स्थानीय तहका २८४ पर्यवेक्षक खटाएको थियो ।

पूर्वप्रधानन्यायाधीश, पूर्वप्रमुख निर्वाचन आयुक्त र पूर्वमुख्य सचिवसहितको १० विशेष पर्यवेक्षक टोलीले दिएको प्रारम्भिक प्रतिवेदनका आधारमा संस्थाले निष्कर्ष निकालेको उल्लेख गरेको छ ।

यस्तै राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (नियोक)ले निर्वाचन शान्तिपूर्ण रहे पनि विगतका निर्वाचनजस्तो मतदातामा उत्साह कम रहेको तथा मतदान प्रतिशत पनि घट्नसक्ने आकलन गरेको छ । उक्त संस्थाले यस निर्वाचनमा एक हजार ८०० पर्यवेक्षक खटाएको नियोगका कार्यकारी निर्देशक विकल श्रेष्ठले बताए । उक्त संस्थामा रहेका एक पूर्वप्रमुख निर्वाचन आयुक्तसहितको टोलीले निर्वाचनको पर्यवेक्षण गरेको हो ।

## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

मंसिर ५ गते सोमबार (कृष्ण द्वादशी, पञ्चाङ्गः आयुष्मान तैतल चित्रा)

| | |
|---|---|
| **मेष** | आमाबुवालाई लाभको योग छ । |
| **वृष** | धनलाभ हुनेछ । |
| **मिथुन** | सबै काममा सावधानी आवश्यक छ । |
| **कर्कट** | काममा बाधा आउनेछ । |
| **सिंह** | कामको अवसर बढ्नेछ । |
| **कन्या** | अनावश्यक काम नगर्नुहोला । |
| **तुला** | स्वास्थ्यमा विशेष ध्यान दिनुपर्नेछ । |
| **वृश्चिक** | जनसम्पर्क बढ्नेछ । |
| **धनु** | सबै कार्यमा धैर्य राख्नुहोला । |
| **मकर** | कुनै पनि कार्यमा हतार गर्नु हुँदैन । |
| **कुम्भ** | अनावश्यक कार्यमा समय खर्च नगर्नुहोला । |
| **मीन** | जग्गासम्बन्धी कार्यमा सफलता मिल्नेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेशनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेशनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालय/शववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ४२५५५४०/४२५५५४१ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेशनल | ६६१२२६६ |
| किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिङ्ग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

मंसिर ५ गते, २०७९, २१ नोभेम्बर २०२२

| मुद्रा | इकाई | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३०.४० | १३१.०० |
| युरो | १ को | १३५.२६ | १३५.८८ |
| पाउन्ड स्टर्लिङ | १ को | १५५.४६ | १५६.१८ |
| स्विस फ्रैन्क | १ को | १३७.०६ | १३७.६९ |
| अस्ट्रेलियन डलर | १ को | ८७.४९ | ८७.८९ |
| क्यानाडियन डलर | १ को | ९७.७७ | ९८.२२ |
| सिंगापुर डलर | १ को | ९४.९९ | ९५.४३ |
| जापानी येन | १० को | ९.३२ | ९.३६ |
| चिनियाँ युआन | १ को | १८.३२ | १८.४० |
| साउदी अरब रियाल | १ को | ३४.६९ | ३४.८५ |
| कतारी रियाल | १ को | ३५.६५ | ३५.८१ |
| थाई भाट | १ को | ३.६५ | ३.६६ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३५.५० | ३५.६७ |
| मलेसियन रिंगेट | १ को | २८.६४ | २८.७७ |
| दक्षिण कोरियन वन | १०० को | ९.७५ | ९.७९ |
| स्विडिस क्रोनर | १ को | १२.३० | १२.३६ |
| डेनिस क्रोनर | १ को | १८.१९ | १८.२७ |
| हङकङ डलर | १ को | १६.६७ | १६.७५ |
| कुवेती दिनार | १ को | ४२३.६५ | ४२५.६० |
| बहराइन दिनार | १ को | ३४५.९४ | ३४७.५३ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# तस्बिरमा आमनिर्वाचन-२०७९
















१) प्रतिनिधिसभा र प्रदेशसभा सदस्यका लागि बागलुङको गलकोट नगरपालिका-७ मल्मस्थित प्रगति आधारभूत विद्यालय केन्द्रमा मतदान गर्न आएका मतदाता । २) धनुषाको बिदेह नगरपालिका-७ जोगियारास्थित प्रावि भगवती मतदान केन्द्रमा लामबद्ध मतदाताहरू । ३) कैलाली निर्वाचन क्षेत्र नं ५ को वासुदेवी उच्च माध्यमिक विद्यालय मतदान केन्द्रमा मतदानका लागि बैशाखीको सहारामा आएकी वृद्धा ७८ वर्षीया कलावती पाण्डेय । ४) ९४ वर्षको वृद्ध अवस्थामा मतदान गर्दै स्याङजाकी ललितमाया कार्की । ५) जाजरकोटको नलगाड नगरपालिका-८ जिकुवा मतदान केन्द्रमा मतदान हुँदै । ६) चामे-४ लोकप्रिय मावि चामे मनाङ-१ अस्थायी मतदान केन्द्रमा मतदान हुँदै ।

*तस्बिरहरू: रासस*

## मतदान केन्द्र अपांगतामैत्री नहुँदा समस्या

**मध्यबिन्दु (नवलपरासीपूर्व)**– पूर्वी नवलपरासी कावासोती-६ विष्णुनगरस्थित ९० वर्षीया पवित्रा काफ्लेले मतदान गरेका छन् । मतदान महत्त्वपूर्ण भएकाले मतदान गर्न आएको काफ्लेले बताए ।

शारीरिकरूपमा अशक्त पनि 'ह्विलचियर'को साहारामा मतदान केन्द्रसम्म आइ मतदान गर्न पाउँदा खुसी लागेको काफ्लेले बताए । कावासोती-६ विष्णुनगरको जनता माध्यामिक विद्यालयमा रहेको मतदान केन्द्रमा उनले मत खसाले ।

कावासोतीकै गोमता भूर्तेल पनि शारीरिकरूपमा अशक्त छन् । उनी पनि 'ह्विलचियर' प्रयोग गर्छन् । तर, गत स्थानीय तहको निर्वाचनमा मतदानस्थल अपांगतामैत्री नहुँदा उनलाई मत खसाल्न गाह्रो भयो ।

देवचुली-१५ की ८८ वर्षे ज्ञानकुमारी श्रेष्ठ पनि 'ह्विलचियर'विना आवतजावत गर्न सक्दिनन् । उनले मताधिकारको सहजताका लागि अपांगतामैत्री मतदान केन्द्र हुनुपर्ने बताइन् । समथर स्थानमा भन्दा पहाडी भेगमा मतदान केन्द्रसम्म पुग्न अपांग व्यक्तिहरूलाई असहजता हुने उनको भनाइ छ ।

कावासोतीका दलबहादुर पाण्डे दृष्टिविहीन छन् । उनी अरुको सहायतामा नभई आफैं मत हाल्न मन छ । त्यो व्यवस्था अहिले नभएकाले त्यो सम्भव भएन । प्रविधिको प्रयोग र डिजिटल माध्यमबाट मत हाल्ने व्यवस्था भए दृष्टिविहीनलाई सहज हुने उनको तर्क छ । देशभर कूल मतदातामध्ये दुई प्रतिशत अर्थात् करिब तीन लाख ६० हजार अपांगता भएक छन् । *रासस*

## सेनाको सवारीसँग ठोक्किँदा एक जनाको मृत्यु

**झापा (प्रस)**– निर्वाचनको सुरक्षामा खटिएको नेपाली सेनाको सवारी र मोटरसाइकल एक आपसमा ठोक्किँदा झापामा आइतबार एक व्यक्तिको मृत्यु भएको छ ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाका प्रहरी निरीक्षक अशोक जवेगूका अनुसार आइतबार बिहान शिवसताक्षी नगरपालिका-११ स्थित सतासी खोलाको पुलमा नेपाली सेनाले चलाएको बा १ झ १०११ नम्बरको सवारी र प्रदेश १-०१-०१२ प ३८५७ नम्बरको मोटरसाइकल एकआपसमा ठोक्किँदा मोटरसाइलमा सवार व्यक्तिको मृत्यु भएको हो ।

मृत्यु हुनेमा महाभारा-३ निवासी २८ वर्षीय होमबहादुर खत्री छन् । पूर्वबाट पश्चिमतर्फ जाँदै गरेको मोटरसाइकलमा सवार खत्री नेपाली सेनाले चलाएको सवारीमा ठोक्किँदा गम्भीर घाइते भएको र उपचारका क्रममा मेची अस्पतालमा मृत्यु भएको प्रहरी निरीक्षक जवेगूले बताए ।

## १५ वर्षपछि ...

पृष्ठ १ बाट जारी

आयोगमा आयोजित पत्रकार सम्मेलनमा थपलियाले भने, 'यद्यपि, यो निर्वाचन आयोगले गरेको अपेक्षाभन्दा कम हो भन्ने हामीलाई लागेको छ ।'

गुल्मी, सुर्खेत, बाजुरा र नवलपरासीका गरी १५ मतदानस्थलमा आइतबार मतदान हुन सकेन । मतदान नहुनुको कारण सत्ता गठबन्धन र एमालेका कार्यकर्ताहरूबीच मतदानलाई लिएर भएको विवाद झडपमा परिणत हुँदा स्थगित भएको हो । ती मतदानस्थलहरूमा मतदान नभएका कारण पनि कम मत खसेको हुनसक्ने आयोगले जनाएको छ । प्रमुख निर्वाचन आयुक्त थपलियाले स्थगित भएका मतदानस्थलहरूमा दुई दिनभित्र मतदान गराउन मुख्य निर्वाचन अधिकृतहरूलाई निर्देशन दिएका छन् । केही स्थानमा आजै मतदान हुने तय भएको छ ।

पहिलो संविधानसभा चुनाव २०६४ मा भन्दा यो निर्वाचनमा मत कम खसेको हो । त्यसबेला ६१.७० प्रतिशत मतदाताले मत खसालेका थिए । २०७४ सालको प्रतिनिधिसभा र प्रदेशसभा चुनावमा भने ६८.६६ प्रतिशत मत खसेको थियो । दोस्रो संविधानसभा चुनावमा हालसम्मकै सबैभन्दा धेरै ७८.३४ प्रतिशत मत खसेको थियो ।

मत कम खस्नुलाई पटक-पटक चुनाव जितेर सरकार बनाउने तर मुलुकमा सुशासन कायम नगर्ने, भ्रष्टाचार न्यूनीकरण नगर्ने, खाली पुरानै अनुहारका नेता दोहोरिरहने, जनताका विकास र समृद्धिको चाहनालाई सम्बोधन नगर्ने भनेर मतदाताले आक्रोश पोखेको रूपमा कतिपयले लिएका छन् । पूर्वनिर्वाचन आयुक्त इला शर्मा पनि यसमा सहमत छिन् । उनले प्रभावसँग भनिन् 'राजनीतिक दलहरूप्रति मतदाताको वितृष्णा देखिएको छ । के भोट हाल्न जानु ! भन्ने सोच कतिपय मतदातामा देखिन्छ । यही कारणले कम मत खसेको हुन सक्छ ।'

कम मत खसे पनि प्रधानमन्त्री तथा नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले चुनावमा उत्साहपूर्णरूपमा मतदान भएको बताएका छन् । शान्तिपूर्ण एवं भयरहित वातावरणमा निर्वाचन निष्पक्ष, धाँधलीरहित भएको पनि उनको दाबी छ । उनले सफलतापूर्वक चुनाव सम्पन्न गरेको भन्दै निर्वाचन आयोग, चुनावमा खटिएका कर्मचारीदेखि सुरक्षाकर्मी र मतदाताहरूलाई धन्यवाद दिएका छन् ।

'निर्वाचन शान्तिपूर्णरूपमा सम्पन्न भएको छ । यसका लागि निर्वाचन आयोगलाई विशेष धन्यवाद दिन चाहन्छु । साथै निर्वाचन सफल गराउन अहोरात्र खटिनुभएका राष्ट्रसेवक कर्मचारी, सुरक्षा निकाय, राजनीतिक दल, सञ्चारकर्मी र पर्यवेक्षकहरूमा धन्यवाद तथा आभार व्यक्त गर्दछु,' आइतबार साँझ सामाजिक सञ्जाल ट्वीटरमा उनले लेखेका छन् । प्रधानमन्त्री देउवा आफैं चुनावी प्रतिस्पर्धामा छन् । उनी डडेलधुराबाट वाम-लोकतान्त्रिक गठबन्धनका प्रतिनिधिसभा सदस्य उम्मेदवार हुन् ।

झापा-५ बाट प्रतिनिधिसभा सदस्य उम्मेदवार रहेका एमाले अध्यक्ष केपी शर्मा ओलीले पनि मतदाताहरूलाई धन्यवाद दिए । उनले मतदाताले दिने जनमत स्वीकार्ने बताए । आइतबार दिउँसो भक्तपुरको निर्वाचन क्षेत्र-२ को महेन्द्र शान्ति माद्यमिक विद्यालय मतदान केन्द्रमा मतदान गरेपछि एमालेले बहुमत ल्याउने दाबी गरेका ओलीले साँझ मतदातालाई धन्यवादसँगै प्राप्त मतको कदर गर्ने पनि बताए । 'तपाईं मतदातालाई हार्दिक धन्यवाद । तपाईंको मतको सधैं कदर गर्छौं,' ओलीले ट्वीटमार्फत भनेका छन् ।

चुनावमा ६१ राजनीतिक दल सहभागी भएका छन् । समानुपातिकतर्फ भने ४७ दलले मात्र सहभागिता जनाएका आयोगले जानकारी दिएको छ ।

## एकको मृत्यु ...

पृष्ठ १ बाट जारी

छ । घटना भएको ठाउँमा मतदान स्थगित भएको छ ।

बाजुराकै स्वामिकात्तिक खापर गाउँपालिका-१ को भगवती आधारभूत विद्यालयको मतदान केन्द्रमा मतपेटिकामै आगजनी भएको छ । आगजनीपछि मतदान स्थगित भएको छ । जिल्लाकै खप्तड छेडेदह गाउँपालिका-१ काँडा मतदान केन्द्रमा कांग्रेस र एमालेका कार्यकर्ताबीच झडप भएको छ ।

हुम्लाको चंखेली गाउँपालिका-५ मा एक पक्षले अर्कैको नाममा भोट हालेपछि विवाद हुँदा भएको झडपमा परी असई रामकुमार चौधरी घाइते भएका छन् । त्यहाँ मतदान रोकिएको छ । दार्चुलाको शैल्यशिखर नगरपालिका-५ स्थित मावि आगर मतदान केन्द्रमा एक जनाको नामबाट अर्कैले मत खसालेपछि भएको विवाद झडपमा परिणत भएपछि प्रहरीले हवाई फायर गरेको छ ।

डोटीको शिखर नगरपालिका-८ स्थित राधाकृष्ण माविमा रहेको मतदान केन्द्रमा पनि विवाद भएपछि स्थिति सामान्य पार्न प्रहरीले ४ राउण्ड हवाई फायर गरेको छ । दोलखा, रौतहट, सिरहा, चितवनलगायत जिल्लामा पनि प्रहरीले हवाई फायर गर्नु परेको थियो ।

केन्द्रीय प्रहरी प्रवक्ता तथा प्रहरी नायव महानिरीक्षक (डिआइजी) टेकप्रसाद राईले देशभर चुनावको दिन ३५ राउण्ड हवाई फायर गर्नुपरेको जनाए । उनका अनुसार ४४ वटा मतदान केन्द्रमा मतदान प्रभावित भएको छ ।

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### न्यून मतदानको संकेत

आइतबार प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचन सम्पन्न भएको छ। केही स्थानमा छिटफुट घटनाबाहेक देशभर शान्तिपूर्णरूपमा निर्वाचन सम्पन्न भयो । तर, अपेक्षाकृत मतदाताले मतदानमा सहभागिता जनाएनन् । निर्वाचन आयोगले करिब ७० प्रतिशत मतदान हुने अपेक्षा गरेको थियो। उक्त अपेक्षा करिब ६१ प्रतिशतमा सीमित भएको प्रारम्भिक विवरण छ । यो १५ वर्षयताकै न्यून हो । यसले चुनावप्रति मतदाताको आकर्षण किन घटिरहेको छ भन्ने गम्भीर प्रश्न जन्माएको छ । त्यसो त गत स्थानीय तहको निर्वाचनमा पनि अपेक्षाकृत मतदान हुन सकेको थिएन ।

मुलुकमा व्यवस्था फेरिए पनि अवस्था नफेरिएकोप्रति आमजनता निराश बनेका छन्, जुन यो निर्वाचनको सहभागिताले पनि प्रस्ट पारेको छ । प्रमुख दलहरूले चुनावमा गरेका वाचाअनुरूप काम नगर्नु यसको मुख्य कारण देखिन्छ । अघिल्लोपटकको चुनावमा दलहरूले स्थिर सरकार र मुलुकको समृद्धिको नारा अघि सारेका थिए। जनताले सोही विश्वासमा एमाले–माओवादी केन्द्रको वाम गठबन्धनलाई झण्डै दुई तिहाइको अवस्थामा पुऱ्याइदिएको थियो । तर, उक्त दलभित्रको किचलोले गर्दा तीन वर्षमै सरकार परिवर्तनमात्र भएन दुई–दुई पटक संसद् विघटन गरियो । विकास र समृद्धिको नारा नारामै सीमित रह्यो। जसकारण जनतामा वितृष्णा बढेको बुझ्न सकिन्छ ।

यसपालिको निर्वाचनमा ठूला दलहरूलाई जनताले ठूलो झापट दिने लक्षण देखिन्छ । परम्परागत दलहरूबाट वाक्क भएका मतदाता विकल्पको खोजीमा रहेको कुरा स्थानीय तह निर्वाचनमा पनि देखिएको थियो। उक्त निर्वाचनमा केही मुख्य स्थानहरूमा स्वतन्त्र उम्मेदवारहरूको सफलतासँगै मतदाता वैकल्पिक शक्तिको खोजीमा थप हौसिएका थिए। जनताले खोजेजस्तो उपयुक्त विकल्प नभए पनि केही नयाँ दलले यो अवसरको भरपुर उपयोग गर्ने सम्भावना बढेको छ । अबको संसद्मा केही नयाँ दलको प्रवेश हुने निश्चित जस्तै देखिन्छ। यद्यपि, मत परिणाम आइनसकेकोले यसको ठोकुवा गर्न सकिन्न । तर पनि परम्परागत दलहरूका लागि यसपालि अनपेक्षित नतिजा प्राप्त हुने देखिन्छ।

यो निर्वाचनको सम्भावित परिणामले एकातिर दलहरूलाई सच्चिनका लागि पाठ सिकाउने देखिन्छ भने अर्कोतिर मतदाताको चेतना बढ्दै गएको पुष्टि गर्दछ। विगतमा जस्तो निरन्तर एउटै पार्टीलाई मत दिने प्रवृत्तिमा सुधार आएको संकेत यसले गर्दछ, जुन सकारात्मक छ । त्यसो त नयाँ मतदाताहरूको भूमिका पनि यसमा महत्त्वपूर्ण रहेको छ । विशेषगरी युवा मतदाताहरूले खोजी गरिरहेको विकल्पको परिणामको रूपमा पनि यसलाई लिन सकिन्छ।

मतदान सम्पन्न भएर मत गणनाको क्रम सुरु हुँदै छ । जनताले अभिव्यक्त गरेका मत बन्द बाकसबाट खोल्दै जाँदा त्यसबाट परिणाम कस्तो निस्कन्छ, त्यो प्रतीक्षाकै विषय बनेको छ। अबको केही दिनभित्रै नतिजा बाहिर आउनेछ। परिणाम जस्तोसुकै आए पनि, जुन दलले बढी सिट जिते पनि वा जुन दलले जति सिट गुमाए पनि अब सबैले यो निर्वाचनको परिणामलाई गतिलो पाठको रूपमा लिएर अगाडि बढ्ने अपेक्षा छ।

# सुरक्षित गर्भपतनमा सामाजिक बन्धन

▶▶ सुरेश आचार्य

जाजरकोट छेडागाड नगरपालिका-४ की एक युवती आफ्नो दुई महिनाको गर्भपतन गराउन सुर्खेतस्थित प्रदेश अस्पतालमा पुगिन् । छेडागाडभित्र रहेका स्वास्थ्य संस्थामै गर्भपतनको सुविधा भए पनि उनलाई आफ्नै गाउँ-ठाउँमा गर्भपतन गराउँदा सामाजिकरूपमा अपमान सहनुपर्ला भन्ने डरले सुर्खेतको वीरेन्द्रनगरस्थित प्रदेश अस्पताल पुगेकी थिइन् ।

गर्भपतन गराउँदा समाजले थाहा पाउने डरले उनले घरपरिवारका अन्य सदस्यसँग अनुमति लिएर श्रीमान्का साथमा गर्भपतन गराउन यहाँ आएको बताइन्। 'म यहाँ श्रीमान्सँगै आएकी छु, गर्भपतन गराउने कुरा श्रीमान् र मलाई मात्रै थाहा छ,' उनले भनिन् ।

नेपाल सरकारले सुरक्षित गर्भपतनलाई कानुनी मान्यता प्रदान गरे पनि सुरक्षित गर्भपतन गराउन अझै सामाजिक बन्धन कायमै रहेको उनको बुझाइ छ । उनले भनिन्, 'गाउँमै गर्भपतन गऱ्यो भने समाजले थाहा पाउला भन्ने डरले यहाँ आएकी हुँ । गाउँमा गर्भपतन गराउँदा कम शुल्क लाग्थ्यो, यहाँ आउँदा खर्च धेरै लाग्यो ।' यहाँ आउँदा २० हजार रूपैयाँजति खर्च लाग्ने ती महिलाले बताइन्। मान्यता प्राप्त स्वास्थ्य संस्थामा भने निःशुल्क गर्भपतन सेवा उपलब्ध छ।

उनीजस्ता थुप्रै गाउँका महिला कानुनी अज्ञानता र समाजको डरका कारण समस्यामा पर्ने गरेका छन् । कानुनी मान्यता पाएको भए पनि गाउँमै गर्भपतन गराउँदा समाजले नकारात्मक दृष्टिकोणले हेर्ने गरेको दैलेखको नौमूले गाउँपालिका-२ की एक युवतीको भनाइ छ।

उनी पनि आफ्नो एक महिनाको गर्भपतन गराउन वीरेन्द्रनगरको कालागाउँमा रहेको कर्णाली प्रदेश अस्पतालमा आइपुगेकी हुन् । 'गाउँमै गर्भपतन गराउँदा अमानवीय व्यवहार सहनुपर्छ । त्यसैले श्रीमान्लाई लिएर यहाँ आएकी हुँ,' ती युवतीले भनिन्, 'गाउँमै भए सस्तो हुन्थ्यो, यहाँ आउँदा र फर्किंदा धेरै खर्च भयो ।' गर्भपतनपछि अपनाउनुपर्ने स्वास्थ्यसम्बन्धी सल्लाह नपाउँदा कतिपय महिलाको स्वास्थ्य थप जोखिममा पर्ने गरेको छ। नेपालमै सुरक्षित र भरपर्दो गर्भपतनको सुविधा हुँदाहुँदै पनि त्यसको जानकारी नपाएकै कारण ग्रामीण समुदायका महिला खर्चिलो र जोखिमपूर्ण गर्भपतन गराउन बाध्य भएका हुन् ।

सुरक्षित गर्भपतनका लागि नेपालका अस्पतालमा एक हजारदेखि एक हजार ५०० रूपैयाँसम्म मात्र खर्च लाग्छ भन्ने कतिपयलाई जानकारी नहुँदा २५/३० हजार रूपैयाँसम्म खर्च तिर्ने गरेका छन्। कक्षा ८ पास गरेकी ती युवतीले भनिन्, 'अलिअलि पढेलेखेको भए पनि मलाई त समाजको डर छ भने गाउँमा घाँस दाउरा गर्ने अनपढ महिलालाई झन् समस्या छ ।' उनका श्रीमान्लाई पनि गर्भपतन गराउने कानुनी व्यवस्थाका बारेमा राम्रो थाहा छ। आफूलाई जानकारी हुँदाहुँदै पनि छिमेकीले थाहा पाउलान् भन्ने डरले गाउँमै गर्भपतन नगरेर यहाँ आएको उनका श्रीमान् बताउँछन् ।

शिक्षित र जानेबुझेका दम्पतीहरू जिल्लाकै स्वास्थ्य संस्थामा गर्भपतन गराउँदैनन् । जिल्लामै गर्भपतन गराउँदा सामाजिकरूपमा अपमान हुने र अरूले थाहा पाउने डरले गर्भपतन गराउन जिल्लाका स्वास्थ्य संस्था छाडेर अन्यत्रै पुग्ने गर्छन्। कर्णालीका धेरै जिल्लाबाट गर्भपतनका लागि वीरेन्द्रनगरका मान्यता प्राप्त स्वास्थ्य संस्थामा आउने गरे पनि यकिन तथ्यांक भने कसैसँग पनि रहेको पाइँदैन ।

जनस्वास्थ्य सेवा कार्यालय सुर्खेतकी पब्लिक हेल्थ नर्स संगीता खड्काले गर्भपतनका लागि आउने ग्रामीण क्षेत्रका महिलाको संख्या दिन प्रतिदिन बढिरहेको बताइन्। बढ्दो आधुनिकीकरण, वैदेशिक रोजगारी, युवा अवस्थाको प्रेम, छोराको चाहनाजस्ता कारणले गर्भपतन गराउनेको संख्या बढेको उनले बताइन्।

**बढ्दै छ गर्भपतन गराउने किशोरीको संख्या**

पछिल्लो समय गर्भपतन गराउने किशोरीको संख्या बढ्दो क्रममा देखिएको छ । जनस्वास्थ्य सेवा कार्यालय सुर्खेतका अनुसार सुरक्षित गर्भपतन गर्ने २० वर्षमुनिका किशोरीहरूको संख्या वृद्धि हुँदै गएको देखिन्छ । कम उमेरमा गर्भवती हुनु स्वास्थ्यको हिसाबले जोखिमपूर्ण मानिन्छ।

जनस्वास्थ्य सेवा कार्यालयका पब्लिक हेल्थ नर्स खड्काका अनुसार बिहे गर्ने उमेर नहुँदै अर्थात् २० वर्षमुनि उमेर समूहका किशोरीहरूको ठूलो संख्या यही उमेरमा गर्भवती भएपछि गर्भपतन गराइरहेका छन् । कार्यालयको तथ्यांकअनुसार आर्थिक वर्ष २०७७/७८ मा गर्भपतन गर्नेमध्ये २४० जना २० वर्षमुनिका किशोरीहरू छन् ।

त्यस्तै आर्थिक वर्ष २०७८/७९ मा ३२६ जना २० वर्षमुनिका किशोरीले गर्भपतन गरेका छन् । यो विवरण सूचीकृत स्वास्थ्य संस्थाबाट गर्भपतन गराउनेहरूको हो । आर्थिक वर्ष २०७६/७७ मा सुर्खेतमा दुई हजार ४८३ जनाले गर्भपतन गरेका थिए । २०७७/७८ मा दुई हजार ४७३ जनाले गर्भपतन गरेका छन् ।



आर्थिक वर्ष २०७८/७९ मा दुई हजार ६१५ जनाले गर्भपतन गरेको जनस्वास्थ्य सेवा कार्यालय सुर्खेतको तथ्यांक छ । असुरक्षित गर्भपतन गर्नेको तथ्यांक भने भेटिँदैन । सुरक्षित गर्भपतनका लागि निश्चित स्वास्थ्य संस्थाहरूलाई मान्यता दिए पनि असुरक्षित गर्भपतन गराउनेको संख्यासमेत घटेको देखिँदैन। नर्स खड्काले भनिन्, 'असुरक्षित गर्भपतन गर्नेहरूको यकिन तथ्यांक हामीसँग हुँदैन । निजी स्वास्थ्य संस्थामा गएर लुकिछिपी औषधि सेवन गर्ने र असुरक्षित गर्भपतन गराउनेहरू पनि छन् ।' असुरक्षित गर्भपतनको अवस्था निकै जटिलसमेत बन्दै गएको पनि उनले बताइन् ।

जनस्वास्थ्य क्षेत्रमा कार्यरत जानकारहरूका अनुसार अहिले पनि असुरक्षित गर्भपतन गर्नेहरूको संख्या धेरै छ । समाजका डरले पनि धेरैजसो महिलाहरू असुरक्षितरूपमा गर्भपतन गरिरहेका छन् । यद्यपि, सुर्खेतमा रहेका सूचीकृत स्वास्थ्य संस्थामा निःशुल्क गर्भपतन सेवा दिने गरिएको छ । सरकारले निःशुल्क गर्भपतन सेवा दिएका कारण र सेवाप्रदायक संस्थाहरू पनि विस्तार भएकाले सेवा लिनेहरू पनि बढेको बताइएको छ।

सुरक्षित गर्भपतन लिनेको संख्या बढ्नुमा सेवाको पहुँच विस्तार मुख्य कारण भए पनि सबै स्वास्थ्य संस्थामा सुरक्षित गर्भपतन सेवा नहुँदा समस्या रहेको पनि नर्स खड्काले बताइन् ।

उनी भन्छिन्, 'सेवा विस्तारसँगै असुरक्षित यौन सम्पर्कका कारण पनि उमेर नपुगी गर्भवती बन्ने र गर्भपतन गराउनेहरू बढ्दै गएको देखिन्छ । उमेर नपुगी गर्भवती हुनु शारीरिक र मानसिक हिसाबले पनि राम्रो मानिँदैन ।' किशोरावस्थामै प्रजनन् अंगहरूको पूर्ण विकास नहुने हुँदा गर्भधारण गर्नु निकै जोखिमपूर्ण हुने खड्का बताउँछिन्। कतिपयले सरकारी स्वास्थ्य संस्थामा गोपनीयता नहुने आशंकामा पनि असुरक्षित गर्भपतन गराउने गरेको पाइन्छ। 'सूचीकृत स्वास्थ्य संस्थामा गर्भपतन गराउँदा गोपनीयता नहुने भन्नेमा सत्यता छैन,' नर्स खड्काले भनिन्, 'बरु असुरक्षित गर्भपतनका कारण जटिलता आउन सक्छ, सुरक्षित गर्भपतनमै जोड दिनुपर्छ।'

**लिंग पहिचान पनि चुनौतीपूर्ण**

पछिल्ला वर्षमा परिवार नियोजनका साधनको उपलब्धता हुँदाहुँदै पनि बेवास्ता गर्ने तर गर्भ रहेपछि असुरक्षित पतन गर्ने प्रवृत्ति धेरै देखिएको उनको भनाइ छ । असुरक्षितरूपमा गर्भ बोकेका महिला तथा छोरा जन्माउने आसमा लिंग पहिचान गरी असुरक्षित गर्भपतन गराउने गरेका छन्। लिंग पहिचानपछि गर्भपतन गराउन कानुनले बन्देज लगाएको छ । खड्काका अनुसार यही अवस्थामा गर्भपतन गराउनेको संख्यामा वृद्धि भए छोराहरूको संख्या बढ्ने र छोरीहरूको संख्या घटेर वैवाहिक सम्बन्धमासमेत असर पर्ने देखिन्छ।

लिंग पहिचान गैरकानुनी भए पनि अधिकांश विवाहित महिलाहरूले समेत छोराको आशमा धेरैपटक गर्भपतन गराउँदा पाठेघर गुम्ने खतरा पनि उत्तिकै रहने नर्स खड्काको भनाइ छ। उनले भनिन्, 'छोटो अवधिमा धेरैपटक गर्भपतन गराउँदा स्वास्थ्य कमजोर बन्दै जान्छ र पाठेघर नै फाल्नुपर्ने अवस्था आउन सक्छ ।' कतिपयले असुरक्षित गर्भपतन गराउँदा ज्यानसमेत गुमाउनुपरेको छ । कानुनतः तालिम प्राप्त व्यक्तिबाट आठ सातासम्मको र विशेष परिस्थितिमा १८ सातासम्मको गर्भपतन गराउन पाइने कानुनी व्यवस्था छ। अठार साताको गर्भपतन सेवा स्त्रीरोग विशेषज्ञको सिफारिसमा निश्चित ठूला अस्पतालमा मात्रै उपलब्ध छ ।

गर्भपतनका लागि डाक्टरलाई १२ हप्ते र नर्सलाई आठ हप्ते विशेष तालिम दिएपछि मात्रै स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीलाई सुरक्षित गर्भपतनका लागि अनुमति दिइन्छ । नेपाल सरकारले सुरक्षित गर्भपतन सेवा प्रक्रिया २०६० लागू गरेपछि देशका विभिन्न मान्यता प्राप्त स्वास्थ्य संस्थाबाट सुरक्षित गर्भपतन सेवा प्रवाह भइरहेको छ। गर्भपतन सेवा प्रक्रिया २०६० को दफा ५ को उपदफा ३ बमोजिम १२ हप्तासम्मको गर्भलाई गर्भपतन गराउन पाउने व्यवस्था छ। यद्यपि, असक्त महिला तथा विभिन्न कारणले गर्दा गर्भपतन गराउनुपर्ने भएमा सम्बन्धित निकायको सिफारिसमा गर्भपतन गराउन पाउने व्यवस्था पनि गरिएको छ।

**असुरक्षित गर्भपतन गर्नुपर्ने बाध्यता**

सुर्खेतका नौवटा स्थानीय तहमध्ये दुईवटा स्थानीय तहमा अझै पनि सुरक्षित गर्भपतन सेवा उपलब्ध छैन । चौकुने र सिम्ता गाउँपालिकामा सुरक्षित गर्भपतन गर्ने सूचीकृत सेवा प्रदायक संस्था नहुँदा त्यहाँका महिलाहरूलाई सेवा लिन टाढा जानुपर्ने बाध्यता छ । गर्भपतनका लागि पायक पर्ने ठाउँमा सूचीकृत सेवा प्रदायक संस्था र तालिम प्राप्त जनशक्ति नहुँदा अझै पनि असुरक्षित गर्भपतन गराउन बाध्य हुनुपरेको छ । टाढा जानुपर्ने झन्झटले गर्दा धेरैजसोले नजिकको मेडिकलबाट औषधि प्रयोग गरी असुरक्षितरूपमा गर्भपतन गर्ने गरेका छन्।

हाल सुर्खेतमा सुरक्षित गर्भपतनका लागि १९ वटा स्वास्थ्य संस्था सूचीकृत छन्। त्यसमध्ये १० वटा सरकारी र नौवटा निजी स्वास्थ्य संस्था हुन्।

> शिक्षित र जानेबुझेका दम्पतीहरू जिल्लाकै स्वास्थ्य संस्थामा गर्भपतन गराउँदैनन् । जिल्लामै गर्भपतन गराउँदा सामाजिकरूपमा अपमान हुने र अरूले थाहा पाउने डरले गर्भपतन गराउन जिल्लाका स्वास्थ्य संस्था छाडेर अन्यत्रै पुग्ने गर्छन् । कर्णालीका धेरै जिल्लाबाट गर्भपतनका लागि वीरेन्द्रनगरका मान्यता प्राप्त स्वास्थ्य संस्थामा आउने गरे पनि यकिन तथ्यांक भने कसैसँग पनि रहेको पाइँदैन ।

सुरक्षित गर्भपतनका लागि स्वास्थ्य संस्थाभन्दा पनि जनशक्तिको निकै ठूलो अभाव छ । तालिम प्राप्त स्वास्थ्यकर्मीको सरुवा भइरहने हुँदा सेवालाई निरन्तरता दिन समेत कठिनाइ हुने गरेको जनस्वास्थ्य सेवा कार्यालयले जनाएको छ।

सुरक्षित गर्भपतनका लागि सचेतनामूलक कार्यक्रम आवश्यक रहेको सीमान्तकृत महिलाका लागि महिला संस्था (वाम)की कार्यकारी निर्देशक मधुरानी ढकालले बताइन् । उनले पछिल्ला वर्षहरूमा असुरक्षित गर्भपतन बढिरहेकाले सचेतनासँगै सेवाको पहुँच विस्तारमा ध्यान दिइनुपर्नेमा पनि जोड दिइन् ।

उनले छोराको चाहनामा गर्भमा छोरी भए गर्भपतन गर्ने आपराधिक मानसिकले पनि असुरक्षित गर्भपतन बढेको बताइन् । यसलाई रोक्न सबै सचेत हुनुपर्नेमा जोड दिँदै उनले भनिन्, 'कानुनले अपराध ठाने पनि लुकिछिपी गर्भपतन गर्दा यसले जटिलता ल्याइरहेको छ ।' वामले सुर्खेतमा विगत तीन वर्षदेखि सुरक्षित गर्भपतनमा अधिकार परियोजना सञ्चालन गरिरहेको छ। *रासस*

## मननयोग्य

### चाणक्य नीति

हीरा पन्ना, मोती, माणिक्य, हात्ती, घोडा, कालीगढीको अदभूत सर्वोत्तमः नमुना उत्तम वस्त्र श्रद्धापूर्वक दिइने भेटले आंगन भरियो। घोषणा गर्नेल भेट चढाउने सोमदत्तको नाम पुकारेपछि उसले आफू आसनबाट उठी पहिले आफ्नो परिचय काश्मीरी व्यापारीका रूपमा दियो र भन्यो- 'म मगध सम्राटको सेवामा एक अनुपम उपहार अर्पण गर्दैछु जुन अहिले मणिमाणिक्य र अमूल्य मोतीबाट लिनेछु जसले वास्तवमा महाराज र दरबारियालाई अवश्य आकर्षित गर्नेछ ।'

सोमदेवले चारैतिर चारैतिरबाट ढाकिएको डोलीको पर्दा हटायो। त्यो हटेपछि त्यसबाट एक विश्वमोहिनी युवती बाहिर निस्की। पूर्णयौवना सुन्दरी निलो साडीमा सेतो मोतीको मानाने सुशोभित सुन्दरी देख्ने दिनलाई जति सबै भएर किंकर्तव्यविमूढ भए उसका रूप एवम् लावण्यले सम्पूर्ण एक अज्ञात सम्मोहनमा परे।

सबैको सम्मोहन सोमदेवका स्वरले भंग भयो । यी परम सुन्दरीलाई म आफ्नो तर्फबाट महाराजालाई उपहार चढाउँछु । कोइलीको जस्तो मला भएकी यी सुन्दरी नाना किसिमका नृत्यमा उत्कृष्ट भएकीले हरेक दृष्टिकोण महाराजको दरबारको शोभा बढाउनेछिन् ।

सबैतिरबाट अद्वितीय उपहारको प्रशसामा वाह-वाहको स्वर सुनिन चन्द्रगुप्त पनि यी सुन्दरी प्राप्तिको हर्ष लुकाउन सकेनन् । उनका मुखबाट उत्ताउलोपना प्रकट भइरहेथ्यो तर आचार्य चाणक्य भने कतै अर्कै दुनियाँमा थिए।

अचानक चाणक्यले उठ्दै त्यहाँ उपस्थित सबैतिर हेर्दै गम्भीर स्वरमा भने- 'हामी तिम्रा उपहारले प्रसन्न छ । वस्तुत तिम्रो यो उपहार आजका सबै उपहारभन्दा अनौठो छ, हामी यसलाई सहर्ष स्वीकार गर्दछौं ।'

अनि राजा पर्वततिर फर्कदै आचार्य चाणक्यले भने- 'हामी हामा सहयोगी राजा पर्वतकलाई आजको उत्सवको यो सबैभन्दा अनौठो उपहार उनको बहुमूल्य सहयोगका लागि प्रदान गर्दछौं ।'

चन्द्रगुप्त र अन्य सबै उपस्थित समूह चाणक्यका यी शब्दले आश्चर्यचकित भए । उता राजा पर्वतकको प्रसन्नताले हर्षको सीमा रहेन । उनले नमानी नै सर्वस्व प्राप्त भएजस्तो ठाने। क्रमशः

## पत्र–मञ्जुषा

# यातायात व्यवसायीबाट चुनावमा पनि ठगिए जनता

जबजब चाडपर्व आउँछ तबतब उपत्यकाबाट आफ्नो गाउँघर जानेहरूको लर्को लाग्छ। वर्षैपिछे उपत्यकाबाट २२ लाखदेखि २८ लाख जनताहरू आफ्नो घरगाउँ जान्छन् र उनीहरू नराम्ररी ठगिन्छन्, धेरैको ज्यान पनि जान्छ। यता सरकारले तोकेकोभन्दा बढी भाडा तिनुपर्दा पनि ठगिन्छन् त उता थोत्रा, पुराना, कबाडी गाडी दुर्घटनामा पर्दा धेरैको ज्यान लिन्छ।

अहिले देशमा चुनावको माहोल छ र उपत्यकाबाट मात्रै नौ लाख जनता मतदान गर्नका लागि आफ्नो गाउँघर गए। तर, दुःख लाग्दो कुरा, यसरी देश र जनताको हितमा काम गर्ने प्रतिनिधिलाई मतदान गर्न जाँदा पनि सर्वसाधारणहरू ठगिए । अघिपछि वा दसैं तिहारको समयमा त यातायात व्यवसायीहरूले जनता ठगिरहेकै हुन्छन्, तर पाँच वर्षको कार्यकालमा हुने निर्वाचनमा पनि व्यवसायीहरूले नराम्ररी जनता ठगे।

पाँच वर्षको कार्यकालमा निर्वाचन हुने भएकाले जनताहरू त खुसियालीका साथ आफ्नो गाउँघर मतदान गर्न गए तर व्यवसायीहरूले यसको पनि फाइदा उठाएर जनता ठग्न छोडेनन्। कति मानिसहरू त राजनितिक दलले रिजर्भ गरेको गाडीमा मतदान गर्न आफ्नो गाउँघर गए त कति आफ्नै पैसा खर्च गरेर भए पनि गए।

यसरी आफ्नै पैसा खर्च गरेर मतदान गर्न जानेहरूलाई व्यवसायीले सरकारले तोकेको भाडा हजार छ भने १५ सय लिएर ठगे । अघिपछि त ठगे नै तर चुनावको समयमा पनि नराम्ररी ठगे। केही दिनअघि मात्र मतदान गर्नका लागि आफ्नो गाउँघर जानेहरूको भीड चोकचोकमा देखिन्थ्यो तर उनीहरू व्यवसायीले ठगे पनि देश र जनताको हितमा काम गर्ने प्रतिनिधिलाई मतदान गर्न गए।

जनता आफू ठगिएर भए पनि देशको हित चाहन्छन्, तर व्यवसायीहरू जहिले पनि तिनै जनतालाई सिकार बनाउँछन् । यो अखिर कहिलसम्म ? कहिलेसम्म हामी सर्वसाधारण अरुको सिकार बन्ने ? सेवाको नाममा कहिलेसम्म हामी ठगीमा परिरहने ?

विभिन्न जिल्लाबाट शिक्षा, स्वास्थ्य, रोजगार वा अन्य सेवा सुविधाका खोजीमा मानिसहरू उपत्यका छिर्छन् र उनीहरू अघिपछि यहीँ बसे पनि चाडबाडमा आफ्नो गाउँघर जान्छन् । तर, वर्ष दिनमा आफ्नो गाउँघर जान खोज्दा पनि कहिले उनीहरूले गाडी पाउँदैनन् त कहिले नराम्ररी ठगिन्छन्।

त्यस्तै यता कति त दसैं मनाउन खुसीका साथ गाडीमा गएका हुन्छन् तर चालकको लापरबाही वा थोत्रा, पुराना गाडीका कारण बाटोमै मर्छन्। दसैं आउनुअघि नै मानिसहरू गाडीको खोजीमा हुन्छन्। तर, यातायात व्यवसायीहरू भने दसैंकै समयमा सरकारलाई दबाब दिन्छन् र भाडा बढाउँछन् । व्यवसायीको मागअनुसार भाडा बढाएमा व्यवसायी अग्रिम टिकट खोल्छन् त होइन भने चुपचाप बस्छन्। यसरी मागअनुसार भाडा बढाएपछि व्यवसायीले अग्रिम टिकट त खोल्छन् तर खोलेको दुईदेखि तीन दिनमै टिकट सकिएको बताउँछन्।

यता टिकट काट्ने काउण्टरमा जनता टिकट काट्न जाँदा टिकट छैन भनिन्छ त यता बाहिर बिचौलियाहरू हजारको टिकट १५ हजारमा बेच्छन् । यसरी कति मानिसहरू त बढी भाडा तिरेर पनि आफ्नो गाउँघर जान्छन् त कति मानिसहरू भाडा महँगो भएकै कारण आफ्नो गाउँघर जानबाट वञ्चित हुन्छन्।

त्यस्तै यता यात्रुसँग सुपर डिलक्सको नाममा सरकारुले तोकेको भन्दा ४० प्रतिशत बढी भाडा लिइन्छ तर गाडी तै कबाडी वा थोत्रा लगिन्छ । व्यवसायीहरू जहिले पनि आफ्नो फाइदाका लागि काम गर्छन् र जनतालाई सेवा दिन नाममा झन् ठग्न वा मार्छन्। सरकारभन्दा पनि यातायात व्यवसायीहरू शक्तिशाली भएका छन् र यातायात क्षेत्र सरकारले चलाउनुको साटो सरकार नै व्यवसायीले चलाएका छन्। व्यवसायीको अघि सरकार नै लम्पसार परेको छ, जसको मार आज जनता भोगिरहेका छन्।

त्यस्तै सरकारले तोकेको भन्दा बढी भाडा यात्रुसँग लिएर दिनहुँ देशैभरिबाट १८ करोड रपैयाँ ठग्छन्। तर, सरकार भने यातायात व्यवसायीको अघि मौन बसिरहेको छ। व्यवसायीले जनता ठगे पनि, मारे पनि सरकारलाई केही फरक परेको छैन।

*– शक्ति अर्याल, कोटेश्वर*

**जानकारी**

**यस दैनिकमको पत्र–मञ्जुषा स्तम्भमा पाठकवर्गले आफूले चाहेको विषयवस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा प्रकाशित समाचारका बारेमा पत्र लेख्नुभएमा त्यसलाई जस्ताको त्यस्तै स्थान दिइने जानकारी गराइन्छ। सं.**

prabhabdailynews@gmail .com
facebook .com/prabhab online

**द्रष्टव्य** : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdailynews@gmail.com मा सम्प्रेषण गर्नु हुन अनुरोध छ। यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो। - सं.

## तस्बिरमा शीर्ष नेताहरूको मतदान...






















१) प्रधानमन्त्री तथा नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा आफ्नै जन्मथलो गन्यापधुरा गाउँपालिका–१ डडेलधुराको अशिग्राम मावि रूवाखोलामा रहेको मतदान केन्द्रमा मतदान गर्दै ।
२) भक्तपुरको सूर्यविनायक नगरपालिका–२ बालकोटस्थित महेन्द्र शान्ति माध्यमिक विद्यालय केन्द्रमा मतदान गर्दै नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली ।
३) भरतपुर महानगरपालिका–१४ स्थित नेपाल प्रहरी स्कुल शान्तिपुर मतदान केन्द्रमा मतदान गर्दै नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल ।
४) रौतहट सदरमुकाम गौरस्थित श्रीरामजानकी कन्या आधारभूत विद्यालय मतदान केन्द्रमा मतदान गर्दै नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल ।
५) राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देन हल्दिबारी गाउँपालिका–१ झापास्थित वडा कार्यालयमा मतदान गर्दै ।
६) नेकपा (एकीकृत समाजवादी)का सम्मानित नेता झलनाथ खनाल सूर्योदय नगरपालिका–९ स्थित राष्ट्रिय आधारभूत विद्यालयमा मतदान गर्दै ।, ७) काठमाडौ क्षेत्र नं ३ स्थित चावहिल महाकाल मतदान केन्द्रमा मतदान गर्दै राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष रवि लामिछाने ।

*तस्बिरहरू: रासस*

# गाउँमै विशेषज्ञ उपचार सेवा

■ मिमबहादुर रावल

**मान्म–** कालीकोट जिल्लाका दुर्गम रहेका स्वास्थ्य संस्थाहरूले गाउँमा नै विशेषज्ञ उपचार सेवा दिन थालेका छन् । कालीकोट जिल्लाका नौ स्थानीय तहमध्ये रास्कोट नगरपालिकाको नगर अस्पताल र तिलागुफा नगरपालिकाको नगर अस्पतालले गाउँमा नै विशेषज्ञ सेवा दिन थालेका हुन् ।

रास्कोट नगर अस्पताल र तिलागुफा नगर अस्पतालले कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्ला, जिल्ला अस्पताल कालीकोट र विशेषज्ञ सेवा दिने अन्य अस्पतालको सहयोगमा नगरपालिकाको स्वास्थ्य सेवा कार्यक्रमको आयोजनामा गाउँगाउँमा विशेषज्ञ सेवा प्रदान गर्दै आएका छन् ।

रास्कोट नगरपालिकाले 'मेयर हेल्थ केयर कार्यक्रम' मार्फत विभिन्न अस्पतालको सहयोगमा गाउँमा नै एकीकृत घुम्ती शिविर सञ्चालन गर्ने गरेको छ भने तिलागुफा नगरपालिकाले 'स्वास्थ्य सेवामा सबैको पहुँच' कार्यक्रम सञ्चालन गरेर स्वास्थ्य सेवा दिँदै आएका छन् । 'मेयर हेल्थ केयर कार्यक्रम' मार्फत गाउँगाउँमा स्वास्थ्य परीक्षण, बैंकमार्फत घरघरमा सामाजिक सुरक्षा भत्ता कार्यक्रम, साल्ट ट्रेडिङ कर्पोरेसनमार्फत घरघरमा आयोडिनयुक्त नुन वितरण, कृषि सेवा, पशु सेवा र आयुर्वेद सेवामार्फत उपचार दिँदै आएको छ ।

रास्कोट नगरपालिकाले प्रत्येक तीन महिनामा विशेषज्ञ सेवासहित हरेक टोल तथा गाउँमा नागरिकको स्वास्थ्य परीक्षणका 'मेयर हेल्थ केयर कार्यक्रम'मार्फत भिडियो एक्स-रे, गर्भवती जाँच, क्षयरोग जाँच तथा उपचार, मधुमेह, रक्तचापलगायतका रोगको उपचार र औषधि वितरण गर्ने गरिएको रास्कोट नगर अस्पतालका प्रमुख कौशल न्यौपानेले जानकारी दिए । 'हामीले देशका प्रतिष्ठित अस्पतालसँगको सहकार्यमा गाउँमा नै घुम्ती शिविर चलाएर विशेषज्ञसहित उपचार सेवा दिने गरेका छौं ।'

विशेषज्ञ सेवामार्फत गाउँमा नै चालु आर्थिक वर्षमा झण्डै दुई हजार नागरिकलाई मोतियाविन्दुको उपचार, गर्भवती सेवा, दन्त रोगको उपचार सेवा, दम रोग, छाला रोग, अन्य जटिल प्रकारका शल्यक्रियालगायतका सेवा दिएको नगर अस्पतालका प्रमुख न्यौपानेले बताए । उनले भने, 'नागरिकलाई जटिल रोग लाग्न नदिन पहिलो प्राथमिकता गाउँमा नै विशेषज्ञ उपचार सेवा दिएर रोगको निदान गर्नु हो ।'



गुणस्तरीय प्रभावकारी स्वास्थ्य सेवामा नागरिकको सहज पहुँच पुऱ्याउन बस्तीस्तरमा 'मेयर हेल्थ केयर कार्यक्रम'मार्फत सेवा सुरुआत गरिएको रास्कोट नगरपालिका प्रमुख धर्मराज शाहीले बताए । 'वडास्तरमै यस कार्यक्रममार्फत विशेषज्ञसहितको चिकित्सकको टोली परिचालन गरी नागरिकलाई स्वास्थ्य सेवा दिइनेछ,' उनले भने, 'आपत्कालीन बिरामीहरू नगर अस्पताल र स्वास्थ्य संस्थामा ल्याउनुपर्छ । नियमित स्वास्थ्य जाँच र थप उपचारका लागि बस्तीमा नै डाक्टरसहितको टोली पुग्ने गर्दछ ।'

'मेयर हेल्थ केयर कार्यक्रम' जिल्ला अस्पताल कालीकोट, कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानलगायतका देशका अन्य प्रतिष्ठित विशेषज्ञ अस्पतालसँग सहकार्य गरे गाउँमा नै स्वास्थ्य शिविरमार्फत कार्यक्रम सञ्चालन गर्ने गरिएको प्रमुख शाहीले जानकारी दिए ।

गत कात्तिक २६ र २७ गते रास्कोट नगरपालिकाका विभिन्न गाउँमा मोतियाविन्दु तथा आँखा उपचार सेवाको शिविर सञ्चालन गरिएको थियो । शिविरमा १५२ जनाको मोतियाविन्दु तथा आँखाको शल्यक्रिया गरिएको प्रमुख शाहीले बताए । नगरपालिकामा आयोजनामा तेजको हिल एण्ड रुइट फाउन्डेसन आँखा अस्पताल सुर्खेतको आर्थिक सहयोगमा मोतिविन्दु तथा आँखाको निःशुल्क शल्यक्रिया गरिएको थियो ।

दुवै आँखा दुई वर्षदेखि देख्न छाडेको र अहिले गाउँमा नै शल्यक्रिया गरेर दुवै आँखा देख्न पाउँदा रास्कोट नगरपालिका-२ का ६७ वर्षीय अमनाथ सिम्खाडा निकै खुसी भए । 'मेरो दुवै आँखा देख्न नपाएको दुई वर्ष भयो । उपचारका लागि बाहिर जान सक्ने अवस्था थिएन,' उनले भने, 'दुई वर्षपछि यो संसार देख्न पाउँदा निकै खुसी भएको छु ।'

स्थानीयवासीले स्वास्थ्य परीक्षणका साथै उपचार पाएपछि नागरिकहरू गाउँमा नै सिंहदरबार आएको अनुभूति भएको वडा नं ९ का नानकली तिरुवाले बताए । 'बल्ल गाउँमा सिंहदरबार आएको अनुभूति छ,' उनले भने, 'हामी गाउँका मान्छे बाहिर उपचार गर्न जान पनि डराउँछौं ।' मेयर-हेल्थ केयर कार्यक्रम नगरपालिका सबै वडामा प्रत्येक महिनामा सञ्चालन गरिने नगरपालिका निमित्त प्रमुख प्रशासकीय अधिकृत जवानसिंह बमले जानकारी दिए । उनले भने, 'सतप्रतिशत नागरिकलाई स्वास्थ्यको पहुँच पुऱ्याउने लक्ष्य राखेका छौं ।'

तिलागुफा नगरपालिकाले नगरको स्वास्थ्य सेवा सुदृढीकरणका लागि कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्ला र तिलागुफा नगरपालिकाबीच विशेषज्ञ सेवा सञ्चालन गर्नका लागि सम्झौता गरेको छ । प्रतिष्ठानसँगको सहकार्यमा तिलागुफा नगरपालिका-४ को राँचुलीमा रहेको नगर अस्पतालमा नियमित विशेषज्ञ सेवा सुरु भएको र नियमित रूपमा स्वास्थ्य सेवा पाउने गरेको नगर उपप्रमुख महेन्द्रबहादुर शाहीले जानकारी दिए । 'नगरवासीले उपचारका लागि टाढा नगई घर नजिकै उपचार पाउने सुनिश्चित गरिएको छ,' उनले भने, 'हामीले नगरमा नै स्वास्थ्यको विशेषज्ञ सेवा नगरपालिकामा नै उपलब्ध गराउने गरेका छौं ।'

कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानको स्थापनाको उद्देश्य तथा सातौं सभाले निर्णय गरी निर्देशन गरेअनुसार कर्णाली प्रदेशका सबै जिल्लामा गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउनका लागि स्थानीय तह तथा सरकारी स्वास्थ्य संस्थासँग सहकार्य गर्ने र प्राविधिक सहयोग गर्ने उद्देश्यअनुरूप नै प्रतिष्ठान र तिलागुफा नगरपालिकाबीच सम्झौता भएको प्रतिष्ठानका रजिस्ट्रार नृपेन्द्र महतले जानकारी दिए । 'नगरपालिकाको स्वास्थ्य संस्थामा गुणस्तरीय स्वास्थ्य सेवा सञ्चालनका लागि आवश्यक विशेषज्ञ चिकित्सक खटाउने गरेका छौं,' उनले भने, 'प्रतिष्ठानले विशेषज्ञ सेवाका लागि महिनामा कम्तीमा एक पटक विशेषज्ञ चिकित्सकद्वारा शिविर सञ्चालन हुनेछ ।'

नगरपालिका स्वास्थ्य संस्थाबाट उपलब्ध हुने गुणस्तर सेवा विस्तार सुधार गर्दै नगर अस्पताल राँचुली स्वास्थ्य संस्थाबाट नियमित विशेषज्ञ सेवा सञ्चालन भएको नगर उपप्रमुख शाहीले जानकारी दिए । 'प्रतिष्ठानले गुणस्तरीय छिटो र छरितो स्वास्थ्य सेवाका लागि टेलि-मेडिसिन सेवा सञ्चालन गरेका छौं,' उनले भने, 'नगरपालिका स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्ने लक्ष्य राखिएको छ ।'

यता तिलागुफा नगरपालिकाले नगरवासीको स्वास्थ्य बिमा गर्दा ५० प्रतिशत छुट दिने गरेको छ । नगरपालिकाको पहिलो निर्णयमा नै नगरवासीको स्वास्थ्य बिमा गर्दा लाग्ने रकमको ५० प्रतिशत छुट दिने र बिरामीलाई अन्यन्त्र उपचारका लागि लैजानु परेमा निःशुल्क एम्बुलेन्स सेवा दिने रहेको छ ।

नगरपालिकाभित्रका गर्भवती तथा सुत्केरी र ज्येष्ठ नागरिकलाई निःशुल्क स्वास्थ्य परीक्षणका साथै निःशुल्क एम्बुलेन्स सेवा दिने निर्णय गरिएको नगरपालिकाका प्रमुख शंकरप्रसाद उपाध्यायले जानकारी दिए । 'स्थानीय सरकारको अनुभूति गराउनका लागि हामीले स्वास्थ्य बिमामा छुट, निःशुल्क एम्बुलेन्स सेवा र गाउँमा नै स्वास्थ्यको विशेषज्ञ सेवा सञ्चालन गर्ने गरेका छौं,' उनले भने, 'नागरिकको स्वास्थ्यभन्दा अरू कुनै ठूलो हैन भन्ने हाम्रो लक्ष्य रहेको छ ।'हामीले गाउँगाउँमा गएर स्वास्थ्य शिविर तथा गाउँमा नै उपचार सेवा दिन थालेको नगर अस्पताल राँचुलीका प्रमुख डा. टंक आचार्यले जानकारी दिए । 'नगरपालिकामा नै हामीले सक्ने जति विशेषज्ञ सेवा दिने गरेका छौं,' उनले भने, 'जटिल प्रकारका बिरामीको मात्रै अन्यन्त्र उपचारका लागि पठाउने गरिएको छ ।'

हालसम्म नगर अस्पतालबाट गर्भवती, दन्त, हाडजोर्नी, छाला, दमलगायतका अन्य बिरामीको उपचार गर्ने गरिएको चालु आवमा दुई हजार १०० जनाले उपचार लिएको डा. आचार्यले बताए । 'यहाँ सबै प्रकारका सेवा दिने गरेका छौं । जनशक्ति कम भएका कारणले अलि समस्या रहेको छ,' उनले भने, 'अन्यन्तै जटिल प्रकारको उपचार पहिलोचरणमा गाउँमा नै गर्न सकिन्छ भन्ने सन्देश हामीले दिएका छौं ।'

नागरिकलाई स्वास्थ्य सेवाको पहुँच वृद्धि गर्नका लागि नगर अस्पताल राँचुलीबाट ल्याब सेवा सञ्चालन गरिएको नगरपालिकाका ल्याब असिस्टेन्ट विमल बुढाले बताए । 'हामीले ल्याब सेवा सञ्चालन गरेका छौं । संक्रात्मक रोग, गर्भवतीको जाँच, सरुवा रोग, मलेरिया, क्षयरोग, मिर्गौला, रगत जाँचलगायतका विभिन्न प्रकार ल्याबको जाँच गर्ने गरेका छौं,' उनले भने, 'दुर्गममा रहेका अस्पतालबाट नागरिकले राम्रो सेवा पाऊन् भन्ने हाम्रो लक्ष्य रहेको छ ।' *रासस*

## देवचुलीमा आज मतदान

**मध्यविन्दु (प्रस)–** पूर्वी नवलपरासीको देवचुली नगरपालिका-४ मा मतपेटिका जलाएका कारण रद्द गरिएको निर्वाचन आज सोमबार हुने भएको छ ।

मुख्य निर्वाचन अधिकृत उमेशप्रसाद लुइँटेलले आइतबार स्थगित भएको सो वडामा आज बिहान ७ देखि साँझ ५ बजेसम्म मतदान हुने जानकारी दिए । स्थानीय नारायण भण्डारीले शान्ति सृजना आधारभूत विद्यालय मतदान केन्द्रको समानुपातिक मतपेटिका जलाएपछि त्यहाँ पुनः निर्वाचन हुने भएको हो । त्यहाँका निर्वाचन अधिकृत माधवराज गौतमले निर्वाचन रद्द गरिएको प्रतिवेदन जिल्ला निर्वाचन अधिकृतलाई बुझाइएको जानकारी दिए ।

गौतमका अनुसार स्थानीय नारायण भण्डारीले प्रदेश समानुपातिकतर्फको मतपेटिका जलाएका थिए । अन्य तीनवटा मतपेटिकामा मत खसालेपछि भण्डारीले अन्तिम मतपेटिकामा बडिलोसन (शरीरमा दल्ने औषधि) हालेर आगजनी गरेका हुन् । ९८० मतदाता रहेको यस निर्वाचन केन्द्रमा ७०० मत खसेको थियो छ । आगजनी गरेपछि भण्डारी भागेका थिए । उनलाई करिब दुई किलोमिटर टाढा पुगेर प्रहरीले पक्राउ गरेको प्रमुख जिल्ला अधिकारी सुमन घिमिरेले बताए ।

## मतगणनास्थलमा तारजाली र सिसी क्यामरा

**गलकोट–** बागलुङमा मतगणनाका लागि दुई स्थानमा सुरक्षित तरिकाले मतगणनास्थल तयार पारिएको छ । मुख्य निर्वाचन अधिकृतको कार्यालयले जिल्ला समन्वय समितिको कार्यालय बागलुङ बजार र निर्वाचन अधिकृतको कार्यालयले बुर्तिबाङ नयाँ सहरी आयोजनाको कार्यालयमा मतगणनास्थल तयार पारेको छ ।

जिल्लामा दुई स्थानमा मतगणनाका लागि सिसी क्यामरा जडानसँगै तारजालीको समेत व्यवस्थापन गरिएको छ । मतगणनास्थलमा सुरक्षा चुनौतीलाई मध्यनजर गरेर तारजाली र सिसी टिभी क्यामरा जडान गरिएको मुख्य निर्वाचन अधिकृत डा. दिवाकर भट्टले जानकारी दिए ।

उनका अनुसार मतपेटिका राख्ने कोठा र मतगणना गर्ने कोठामा सिसी टिभी क्यामरा जडान गरिएको छ भने गणनास्थलमा तारजालीको व्यवस्था मिलाइएको छ ।

यस्तै मतगणनास्थलमा दलका उम्मेदवार र प्रतिनिधिलाई बस्ने व्यवस्था तारजालीभन्दा बाहिर मिलाइएको छ । मतगणनास्थलको सुरक्षासँगै हुनसक्ने सम्भावित घटनाबाट बच्न तारजाली र सिसी टिभी क्यामराबाट निगरानी गर्नुपरेको मुख्य निर्वाचन अधिकृत भट्टले जानकारी दिए ।

मुख्य निर्वाचन अधिकृतको कार्यालयले मतगणनाका लागि जिल्ला समन्वय समितिको सभाहलमा तीन स्थानमा र निर्वाचन अधिकृतको कार्यालयले बुर्तिबाङ नयाँ सहरी आयोजनाको कार्यालयमा दुई स्थानमा मतगणना गर्ने जनाएका छन् । मुख्य निर्वाचन अधिकृत भट्टका अनुसार मत परिणाम छिटो सार्वजनिक गर्नका लागि क्षेत्र नं १ को तीन स्थान र क्षेत्र नं २ को दुई स्थनामा मत गणना गर्ने व्यवस्था गरिएको हो ।

भट्टले क्षेत्र नं १ को प्रतिनिधिसभा र प्रदेशसभा सदस्य र समानुपातिकतर्फको मतगणना जिल्ला समन्वय समितिको सभाहलमा गरिने बताए । उनले सभाहलभित्र तीन स्थानमा मतगणना गर्ने गरी व्यवस्था मिलाइएको जानकारी दिए ।

मतगणना स्थानमा प्रत्येक टोलीमा एक जना निर्वाचन अधिकृत, दुई जना गणक र एकजना कार्यालय सहयोगीको व्यवस्था गरिएको छ । मतगणनास्थलको सुरक्षाका लागि १० जनाको नेपाल प्रहरीको टोली र त्यसबाहिर सशस्त्र प्रहरी र नेपाली सेनाको टोलीले सुरक्षा गर्नेछ ।

यस्तै निर्वाचन अधिकृतको कार्यालय बुर्तिबाङका सहायक निर्वाचन अधिकृत ऋषिराम रिजालले बुर्तिबाङ नयाँ सहरी आयोजनाको सभाहल क्षेत्र नं २ तर्फको मतगणना गर्ने व्यवस्था मिलाइएको जानकारी दिए । उनका अनुसार मतगणनास्थल रहेको सभाहलमा दुई स्थानमा मतगणना गर्ने व्यवस्था मिलाइएको छ । दुवै स्थानमा मतगणनाका लागि तयारी सम्पन्न भएको बताइएको छ ।

जिल्लामा दुई निर्वाचन क्षेत्रमा एक लाख ९२ हजार २२७ मतदाता रहेका छन् । दुई प्रतिनिधिसभा सदस्य र चार प्रदेशसभा सदस्यका लागि ३१ जना चुनावी मैदानमा रहेका छन् । *रासस*

# प्रभाव दैनिक

रूपशाला

## 'तिम्रो मेरो साथ' को प्रिमियर शो चितवनमा

आगामी २९ पुसमा रिलिज हुने साम्राज्ञी राज्यलक्ष्मी शाह तथा पुष्प खड्का स्टारर फिल्म 'तिम्रो मेरो साथ' प्रिमियर शो चितवनमा हुने भएको छ । लक्की मिडिया हाउस चितवनको आयोजनामा २७ पुस साँझ ६ बजे चितवनमा कलाकारहरूको साथमा प्रिमियर शो हुने मिडिया हाउसका महाप्रबन्धक हरि कार्की 'लक्की'ले जानकारी दिए । फिल्ममा साम्राज्ञी तथा पुष्पसहित सन्दिप क्षेत्री, इमिली लामा, सरोज खनाल, दिपीशा केसी, खड्कबहादुर पुन 'खबपु'को अभिनय छ । फिल्म सबिर श्रेष्ठ तथा बाबुराम निरौलाले लेखेका हुन् ।




सोमबार, ५ मंसिर २०७९ (Monday, November 21, 2022)

# कुन कलाकारले कहाँबाट गरे मतदान ?







■ प्रभाव संवाददाता

**काठमाडौं–** आइतबार देशभर प्रतिनिधिसभा र प्रदेशसभा सदस्यका लागि मतदान सम्पन्न भयो । निर्वाचनमा सर्वसाधारण मात्र होइन, कलाकार पनि आफ्नो क्षेत्रमा तोकिएको मतदान केन्द्रबाट मतदान गरेका छन् । हास्य कलाकार तथा अभिनेता दीपकराज गिरीले चन्द्रागिरि नगरपालिका-१, दहचोक मतदान केन्द्रबाट मतदान गरेका छन् । उनले यस अगाडि पनि त्यहीबाट मतदान गर्दै आएका थिए ।

अभिनेता राजेश हमालले काठमाडौं लैनचौरस्थित कन्या हाइस्कुल मतदान केन्द्रबाट मतदान गरेका छन् । उनले गत स्थानीय निर्वाचनमा पनि त्यहीबाट मतदान गरेका थिए । अभिनेता भुवन केसी भीमसेनगोला केन्द्रमा मतदान गरेका छन् । गत स्थानीय निर्वाचनमा पनि त्यहीबाट उनले मतदान गरेका थिए । अभिनेता अनमोल केसीको मतदान केन्द्र पनि त्यही हो ।

त्यस्तै कलाकार जीतु नेपालले काठमाडौं क्षेत्र नम्बर २ को जडिबुट्टी नरेफाट स्थिती कोटेदेबी मतदान केन्द्रबाट मतदान गरेका छन् ।

कलाकार निर्मल शर्मा 'गैडा' काठमाडौं महानगरपालिका-७ सिफलस्थित हिमालय विद्यामन्दिर केन्द्रबाट मतदान गरेका छन् । अभिनेता मनोज गजुरेलले सूर्यविनायक-२, बालकोटको बालबिनायक मतदान केन्द्रबाट मतदान गरेका छन् ।

कलाकार संघका अध्यक्ष रविन्द्र खड्काले काभ्रेको पनौती नगरपालिकास्थित सुन्थाना मतदान केन्द्रबाट मतदान गरेका छन् । हास्यकलाकार शिवशंकर रिजाल सर्लाही क्षेत्रनम्बर ४ को बरथवा मतदान केन्द्रबाट मतदान गरे । यस्तै कलाकार उत्तम केसी तारकेश्वर नगरपालिका ग्रामिन आदर्श मतदान केन्द्रबाट मतदान गरेका छन् । अभिनेता आर्यन सिग्देल काठमाडौ क्षेत्र न १० चन्दागिरी १ मतदान केन्द्रबाट मतदान गरे ।

हास्य कलाकार किरण केसी ललितपुर क्षेत्र नं १ को महादेवस्थान मतदान केन्द्रबाट मतदान गरे । अभिनेत्री करिश्मा मानन्धरले पति विनोद मानन्धरसहित काठमाडौं क्षेत्र नम्बर ५ लाजिम्पाट मतदान केन्द्रबाट मतदान गरिन् ।

अभिनेत्री स्वस्तिमा खड्का, निर्माता नायक तथा फिल्म वितरक गोविन्द शाही, गायक सिताराम पोखरेल, संगीतकार चेतन सापकोटा, उदय सुब्बा लगायतले थुप्रै सलिब्रेटीले समेत आ-आफ्नो मतदान केन्द्रबाट मतदान गरेका छन् । जसको जानकारी उनीहरूले आफ्नो सामाजिक सञ्जालबाट जनाएका हुन् ।

# जेडी र छिरिङको कीर्तिमान

■ प्रभाव संवाददाता




**काठमाडौं–** कोरियोग्राफर तथा कन्टेम्पोररी डान्सर जेडी तमू र डान्सिङ स्टार नेपालका विजेता छिरिङ शेर्पाले विश्व कीर्तिमान कायम गरेका छन् ।

उनीहरूले विश्वकै उच्च स्थानमा कोरियोग्राफ गरी नृत्य प्रस्तुत गर्दै विश्व रेकर्ड राखेका हुन् । उनीहरूले मंसिर १ गते सर्वोच्च शिखर सगरमाथास्थित कालापत्थरको ५६०० मिटर उचाइमा नृत्य प्रस्तुत गरेका थिए । यस शीर्षकमा विश्व कीर्तिमान कायम गर्ने विश्वकै पहिलो टिम हो ।

उनीहरूले विभिन्न नेपाली लोक नृत्यलाई समायोजन गरी तीन मिनेट लामो प्रस्तुती दिएका थिए । नेपाली कला संस्कृति र पर्यटनलाई प्रोत्साहन गर्न उक्त कार्यक्रम गरिएको कोरियोग्राफर जेडीले बताए । सरस्वती धिमालले कोरियोग्राफ गरेको गीतलाई प्रेम पौडेलले छायांकन गरेका हुन् भने ड्रोन अभय पोखरेलले चलाएका थिए । इलाममा जन्मिएका जेडीको पूरा नाम जगदीश गुरुङ हो ।

# रामकृष्णाको भो आँशु नझार



■ प्रभाव संवाददाता

**काठमाडौं–** गायक रामकृष्ण ढकालको स्वर रहेको 'भो आँशु नझार' बोलको गीतको भिडियो सार्वजनिक भएको छ । गीतकार नारायण कँडेलका शब्द श्रृजना, रमेश कायस्थको संगीत, आशिष अविरलको एरेन्ज, विकाश दाहालको सम्पादन, बुद्ध एण्ड टिमको छायांकन रहेको भिडियोको निर्देशन प्रकाश धितालले गरेका हुन् ।

भिडियोमा गीतकार नारायण र उनकी पत्नि गंगा घिमिरे कँडेलको अभिनय देख्न सकिन्छ । भिडियोले प्रेम वियोगको कथालाई कलात्मक शैलीमा बोलेको छ ।

दुःख पर्दा साथ छाड्नेहरूको पछिल्लो वास्तविकतालाई भिडियोमा जीवन्तशैलीमा देखाइएको छ। गीतकार नारायण कँडेलका 'भेट भयो सोल्टिनीसँग', 'चाइनेजो', लगायतका गीतहरू चर्चित छन् ।

## रंगशाला

# बेन्जेमा विश्वकपबाट बाहिर

**काठमाडौं (प्रस)–** फ्रेन्च स्ट्राइकर करिम बेन्जेमा २०२२ फिफा विश्वकपबाट बाहिर भएका छन् । विश्वकप सुरु हुने रात अभ्यास क्रममा जाँघमा चोट बोकेपछि बेन्जेमाले विश्वकप गुमाउने पक्का भएको हो । बेन्जेमाले २०२२ को बालोन डि ओर विजेता हुन् । विश्व फुटबलको वर्ष खेलाडी घोषित बेन्जेमाको उत्कृष्ट प्रदर्शनमा रियल मड्रिडले च्याम्पियन्स लिग र ला लिगाको उपाधि जितेको थियो ।

फ्रान्स राष्ट्रिय टोलीले घाइते भएको र प्रतियोगितामा बेन्जेमा नदेखिने बताएको छ । 'बेन्जेमाको खवरले टोलीलाई पक्कै दुखद् बनाएको छ । उनको सिघ्रस्वास्थ्य लाभको कामना गर्दछौं,' भनिएको छ । फ्रेन्च फुटबल फेडेरेसनले एमआरआइ स्क्यान गर्दै जँघा गएको बताएको हो । 'उनलाई रिकभरी हुन तीन हप्ता लाग्नेछ,' थपिएको छ ।

विश्वकपमा फ्रान्स समूह डी मा रहेका छ । फ्रान्सले २२ नाभेम्बरमा अस्ट्रेलिया, २६ नोभेम्बरमा डेनमार्क र ३० नोभेम्बरमा ट्युनिसियासँग खेल्नेछ । मुख्य प्रशिक्षक डिडिअर डेसच्याम्पसले सोमबार नै बेन्जेमाको स्थानमा खेलाडी परिवर्तन गर्ने बताएका छन् । ३४ वर्षीय बेन्जेमाले ९७ खेलको ३७ गोल गरेका थिए । फ्रान्सले यस अघि नै मिडफिल्डरद्वय पाउल पोग्वा र एनगोलो कान्तेलाई घाइते भएपछि गुमाएको थियो । यसैगरी फिट हुँदै गरेका म्यानचेस्टर युनाइटेडका डिफेन्डर राफेयल भरानेलाई समावेश गरेको छ ।

बुधबारमात्रै क्रिस्टोफर एनकुन्कु घाइते भएपछि फ्रान्सले कोलो मुआनीलाई स्थानान्तरण गरेको छ । बेन्जेमाको स्थानमा फ्रान्सले म्यानचेस्टरका स्ट्राइकर एन्थोनी मार्सिअललाई स्थान दिने सम्भावना छ ।

**कतार विश्वकप-२०२२**

आजका खेल

इंग्ल्यान्ड – इरान (साँझ ६:४५ बजे)
सेनेगल – नेदरल्यान्ड्स (राति ९:४५ बजे)
अमेरिका – वेल्स (राति १२:४५ बजे)



# नामिबियामा हुने सिरिजका लागि नेपालको टिम घोषणा




■ प्रभाव संवाददाता

**काठमाडौं–** आइसिसी पुरुष क्रिकेट विश्वकप लिग टु अन्तर्गतको नामिबिया हुने त्रिदेशीय सिरिजका लागि नेपालले टिम घोषणा गरेको छ । नेपाल क्रिकेट संघ (क्यान) ले आइतबार रोहित पौडेलको कप्तानी टिम घोषणा गरेको हो । सिरिज आगामी डिसेम्बर २ देखि ८ सम्म हुनेछ ।

सिरिजमा आयोजक नामिबिया, नेपाल र स्कटल्याण्ड रहेको छ । सिरिजको अंक तालिकामा नेपाल छैटौं स्थानमा रहेको छ ।

नेपालले २० खेलमा १७ अंक जोडेको छ । नामिबिया २२ खेलमा २६ अंक जोडेर पाँचौं स्थानमा रहेको छ ।

स्कटल्याण्ड २८ खेलमा ४० अंक जोडेर दोस्रो स्थानमा रहेको छ ।

**नेपालको टोली** : रोहित पौडेल, आसिफ शेख, दीपेन्द्र सिंह ऐरी, कुशल भुर्तेल, ललित राजवंशी, सोमपाल कामी, सागर ढकाल, अर्जुन साउद, ज्ञानेन्द्र मल्ल, आरिफ शेख, गुलशन झा, करण केसी, हरिशंकर साह, नन्दन यादव

# इंग्ल्यान्डविरुद्ध अस्ट्रेलियालाई शृंखला

■ एजेन्सी




**सिड्नी–** इंल्यान्डमाथि ७२ रनको सहज जित निकाल्दै अस्ट्रेलियाले शनिबार एकदिवसीय अन्तर्राष्ट्रिय शृंखलाको उपाधि जितेको छ ।

सिड्नी अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा मिचल स्टार्क र एडम जाम्पाले समान चार विकेट लिएपछि अस्ट्रेलियाले एक खेल अघि नै शृंखला हात पारेको हो । बिहीबार पहिलो खेल अस्ट्रेलियाले ६ विकेटले जितेको थियो । अन्तिम खेल मंगलबार मेलबर्नमा हुनेछ ।

टस जितेर ब्याटिङ रोजेको अस्ट्रेलियाले ३५.५ ओभरमा आठ विकेटको क्षतिमा दुई सय ८रन बनाएको थियो । इंग्ल्यान्डका विकेटकिपर-ब्याटर साम बिलिङ्सले ८० बलमा तीन चौका र दुई छक्कासहित सर्वाधिक ७१ रनको इनिङ खेले । यसैगरी जेम्स भिन्स ७२ बलमा तीन चौका र दुई छक्कासहित ६० रन बनाएर पेवेलियन फर्किंदा अन्य ब्याटरको प्रदर्शन उल्लेख्य रहेन ।

त्यसअघि अस्ट्रेलियाका लागि ११४ बल सामना गरेका स्मिथले पाँच चौका र एक छक्कासहित ९४ रन बनाएका थिए ।

आदिल राशिदको ४४औं ओभरको चौथो बलमा फिल साल्टको हातबाट क्याच हुँदा स्मिथ ६ रनले शतक बनाउनबाट चुके । यस्तै, मर्नुस लाबुस्चेनले ५५ बलमा चार चौका र एक छक्कासहित ५८ रनको अर्धशतकीय इनिङ खेलेका थिए ।

अस्ट्रेलियाका लागि ५९ बल सामना गरेका मिचेल मार्स दुई चौका र दुई छक्कासहित अर्धशतक बनाएर पवेलियन फर्केका थिए । त्यसबाहेक अन्य ब्याटरको प्रदर्शन उल्लेख्य रहेन ।

इंग्ल्यान्डका लागि राशिदले सर्वाधिक तीन तथा क्रिस वोक्स र डेविड विलीले दुईरदुई विकेट लिए । मोइन अलीले पनि एक विकेटमा नाम लेखाए ।

# भारतसँग न्यूजिल्यान्ड पराजित

**न्यूजिल्यान्ड (प्रस)–** पाहुना टोली भारतले दोस्रो टी-ट्वान्टी अन्तराष्ट्रियमा घरेलु टोली न्युजिल्याण्डलाई पराजित गरेको छ । माउन्ट माउन्गानुइमा आइतबार भएको खेलमा भारतले न्युजिल्याण्डलाई ६५ रनले हराएको हो ।

यस जितसँगै भारतले तीन खेलको टी-ट्वान्टी सिरिजमा १-० को अग्रता बनाएको छ । दुई टोलीबीचको पहिलो टी-ट्वान्टी वर्षाको कारण रद्द भएको थियो । भारतले दिएको १ सय ९२ रनको लक्ष्यसहित जवाफी ब्याटिङ गरेको न्युजिल्याण्डले १८ ओभर ५ बलमा अलआउट हुँदै १ सय २६ रन मात्र बनाउन सक्यो ।

न्युजिल्यान्डका लागि कप्तान केन विलियम्सनले ६१ रनको अर्धशतकीय इनिङ खेले । डेभोन कोन्वेले २५, ग्लेन फिलिप्सले १२ तथा ड्र्याल मिचेलले १० रन जोडे । भारतका दीपक होडाले ४ विकेट लिए । मोहमद सिराज र युजभेन्द्र चाहलले २/२ विकेट लिए । त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको भारतले २० ओभरमा ६ विकेट गुमाएर १ सय ९१ रन बनाएको थियो ।



भारतका लागि सूर्यकुमार यादवले अविजित रहँदै १ सय ११ रनको शतकीय इनिङ खेले । उनको यो टी-ट्वान्टी अन्तराष्ट्रियमा दोस्रो शतक हो । यस्तै इशान किशनले ३६ रन जोडे । कप्तान हार्दिक पाण्डय र श्रेयस एयरले समान १३/१३ रन बनाए ।

न्युजिल्याण्डका टिम साउथीले ३ तथा लक्की फर्गुसनले २ विकेट लिए ।



राष्ट्रपति सीलाई स्वागत

थाइल्याण्डको बैंककस्थित सरकारी भवनमा शनिबार आइपुगेका चिनियाँ राष्ट्रपति सी चिनफिङलाई स्वागत गर्दै थाइल्याण्डका प्रधानमन्त्री प्रयुत चान–ओ–चा। *तस्बिरः सिन्ह्वा*

# खुला व्यापार प्रवर्द्धनमा एपेक नेतृत्वको जोड

**बैंकक–** एसिया–प्रशान्त क्षेत्रका नेताहरूले युक्रेन युद्ध अन्त्यको आह्वान गर्दै यस क्षेत्रको दिगो आर्थिक उन्नयन तथा खुला व्यापार प्रवर्द्धनका निम्ति काम गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्।

एसिया–प्रशान्त आर्थिक सहयोग (एपेक) का प्रमुख कार्यकारी अधिकृतहरूको शिखर सम्मेलन समापनका अवसरमा सम्मेलन आयोजक देश थाइल्याण्डले युक्रेनमाथि रुसले गरेको आक्रमणको निन्दा गरेको जनाएको छ। एक्काइस सदस्यीय एपेकका सदस्य चीन र रुस पनि हुन्। यद्यपि, चीनले रुसी आक्रमणको आलोचना गरेको छैन।

शिखर सम्मेलन समाप्तिपछि जारी घोषणापत्रमा युद्धका बारेमा एपेक नेतृत्वको मत बाझिएको छ। एपेकले आर्थिक सम्बन्ध विस्तार र व्यापार प्रवर्द्धनलाई नै जोड दिएको तथा एपेक द्वन्द्व समाधानको मञ्च नभएको जनाइएको छ। मञ्चले युद्ध र द्वन्द्वबाट आर्थिक विकासका मार्गमा अकल्पनीय परिणाम ल्याउन सक्नेतर्फ सचेत गराएको छ।




एपेकका अधिकांश सदस्यले युक्रेनमाथि भएको आक्रमणको कडा शब्दमा निन्दा गरेका थिए। युक्रेन युद्धले ठूलो मानवीय पीडा निम्त्याएको, विश्वबजारमा महँगी बढेको, आपूर्ति शृंखलामा समस्या उत्पन्न भएको, खाद्य असुरक्षा र वित्तीय जोखिम निम्त्याएकामा गम्भीर चिन्ता व्यक्त गरेका थिए।

यसअघि इन्डोनेसियाको बालीमा भएको विश्वका प्रमुख विकसित एवं उदीयमान अर्थतन्त्रलाई जोड्ने रणनीतिक बहुपक्षीय मञ्च जी–ट्वेन्टीले पनि संयुक्त राष्ट्रसंघीय महासभाले प्रस्तुत गरेको प्रस्तावप्रति समर्थन जनाउँदै युक्रेनविरुद्ध रुसले गरेको आक्रमणको निन्दा गरेको थियो। उक्त अन्तरसरकारी समूहले युक्रेनी भूभाग रुसले विनासर्त फिर्ता गर्नुपर्नेमा जोड दिएको थियो।

सम्मेलन समापनका क्रममा दक्षिणपूर्वी एसियाली देशमा भएका घटनाको समीक्षा पनि भएको थियो। कोभिड–१९ को महामारीका कारण दुई वर्षसम्म आमनेसामने वार्ताको अवसर नपाएका नेताले 'साइड लाइन' वार्तामा क्षेत्रीय र अन्तर्राष्ट्रिय चासोका विविध विषयमा विचारविमर्श गरेका थिए।

शिखर सम्मेलन समापन समारोहलाई सम्बोधन गर्दै चीनका राष्ट्रपति सी चिनफिङले खुला व्यापार र लगानीका निम्ति आह्वान गरेका थिए। उनले बहुपक्षीयतालाई वास्तविकरूपमा कायम राख्नुपर्ने, बहुपक्षीय व्यापार प्रणालीको रक्षा गर्नुपर्ने, विधिमा आधारित बहुपक्षीय व्यापार प्रणालीको संरक्षण गर्न तथा विश्वव्यापी औद्योगिक एवं आपूर्ति शृंखलालाई सुरक्षित एवं स्थिर राख्न साझा प्रयास हुनुपर्नेमा विशेष जोड दिएका थिए। *रासस/एपी*

# जलवायु सम्मेलन : क्षतिपूर्ति कोष स्थापना

**शर्म एल शेख–** गत कात्तिक २० गतेदेखि यहाँ सुरु भएको जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय सम्मेलन हरितगृह ग्यास उत्सर्जन घटाउन असफल भए पनि उत्सर्जनका कारण प्रभावित निर्धन राष्ट्रलाई क्षतिपूर्ति उपलब्ध गराउने कोष स्थापना गर्न सफल भएको छ।




नवस्थापित कोषलाई गरिब राष्ट्रहरूले आफ्नो जितका रूपमा लिएका छन्। कोषबाट बाढी, खडेरी, आँधीलगायत जलवायुजन्य क्षतिको सिकार बनेका देशलाई सहायतास्वरूप रकम भुक्तानी हुनेछ। साना टापु राष्ट्र समुद्री सतह बढेका कारण जलवायु परिवर्तनको चरम चपेटामा परेका छन्।

कोष स्थापनापछि टुभालुका अर्थमन्त्री सेभ पेनिउले तीन दशक लामो संघर्षपछि विश्वका करोडौं मानिसलाई न्याय मिलेको तथा क्षति सम्बोधनमा मद्दत पुगेको बताएका छन् भने पाकिस्तानका वातावरणमन्त्री शेरी रहमानले कोष दान दिने परोपकारी निकाय नभएको टिप्पणी गरेका छन्।

त्यसअघि सम्मेलनमा उपस्थित सबै देशका प्रतिनिधिले कोष स्थापनासम्बन्धी प्रस्ताव पारित भएपछि त्यसको स्वागत गरेका थिए। कोष स्थापनाका निम्ति दिनभर प्रतिनिधिहरूबीच माथापच्ची भएको थियो। कोष स्थापनासँगै संयुक्त राज्य अमेरिका, चीन, भारत, युरोपेली संघमा आबद्ध औद्योगिक राष्ट्र र समूहले क्षतिपूर्ति रकम कोषमा जम्मा गर्नुपर्नेछ।

आइतबार नै कोप–२७ समापनको घोषणा भएको छ। कोप–२७ अध्यक्ष इजिप्टका राष्ट्रपतिले अर्को सम्मेलन आयोजना गर्ने मुलुक संयुक्त अरब इमिरेट्सलाई अध्यक्षता हन्तान्तरण गरेका छन्। *रासस/एपी*

# ट्रम्पको ट्वीटर पुनः सञ्चालनमा

**वासिङटन–** अमेरिकी पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पको ट्वीटर खाता आइतबारदेखि पुनः सञ्चालनमा आएको छ। इलोन मस्कले आइतवार ट्रम्पको ट्वीटर एकाउन्ट पुनःस्थापना गरेको पुष्टि गरेका छन्।

'मानिसहरूले बोलेका छन्। ट्रम्पलाई पुनःस्थापित गरिनेछ। भोक्स पोपुली, भोक्स देई,' मस्कले ट्वीट गरेका छन्। भोक्स पोपुली, भोक्स देई, ल्याटिन वाक्यांश हो जसको अर्थ 'जनताको आवाज ईश्वरको आवाज हो' भन्ने हुन्छ।

यसैबीच मस्कको घोषणापछि ट्रम्पको एकाउन्ट ट्वीटरमा पुनः देखापरेको छ। पूर्वराष्ट्रपति ट्रम्पको अवरुद्ध ट्वीटर खाता शनिबार प्लेटफर्ममा पुनः देखापरेको ट्वीटर कम्पनीका



मालिक एलोन मस्कले पुष्टि गरेका छन्। हिंसा भड्काएको आरोपमा पूर्वराष्ट्रपतिमाथिको २२ महिनाको ट्वीटर खाता निलम्बन गरिएको थियो।

ट्वीटरका सिइओ मस्कले माइक्रोब्लगिङ वेबसाइटका प्रयोगकर्ताहरूलाई हिंसा भड्काएको आरोपमा आजीवन प्रतिबन्ध लगाइएका ट्रम्पको खाता पुनःस्थापना गर्ने कि नगर्ने भन्नेमा मतदान गर्न आग्रह गरेका थिए। सर्वेक्षणका अनुसार सो घोषणाको एक घण्टामै एक करोड ५० लाखभन्दा बढी ट्वीटर प्रयोगकर्ताले ट्रम्पको पक्षमा मतदान गरेका थिए। *रासस/एएनआई*

# इरानमा बालबालिकाको मृत्युप्रति युनिसेफको चिन्ता

**न्युयोर्क–** इरानमा जारी विरोध प्रदर्शनका क्रममा बालबालिकाको मृत्यु भएको विषयलाई लिएर संयुक्त राष्ट्रसंघीय बालकोष (युनिसेफ) ले गम्भीर चिन्ता व्यक्त गरेको छ।

इरानमा जारी विरोधक्रममा ५० जना बालबालिकाले ज्यान गुमाएका युनिसेफद्वारा जारी विज्ञप्तिमा जनाइएको छ। इरानमा दुई महिनाभन्दा बढी समयदेखि जारी अशान्तिप्रति युनिसेफ, एम्नेस्टी इन्टरनेसनल र अन्य मानव अधिकारवादी संघसंस्थाले बालबालिकाविरुद्धको अपराध र मानव अधिकार उल्लंघनमा कारबाही गर्न माग गरेका छन्।

इरानमा बालबालिकाको हत्या भएको, विभिन्न घटनामा उनीहरू घाइते भएका तथा कुनै गम्भीर कसूरमा दोषी नहुँदा पनि हिरासतमा लिइएकामा युनिसेफ गहिरो चिन्ता व्यक्त गरेको छ। गत बुधवार सात जना बालबालिका मारिएका थिए। मारिनेमा एक जना १० वर्षका बालक रहेका बताइएको छ। आफ्ना मातापितासँग कारमा यात्रा गरिरहेको ती बालकको गोली हानी हत्या गरिएको थियो। उनका बुबा गोली लागेर घाइते भएका उनकी आमाले सञ्चार माध्यमलाई बताएकी जनाइएको छ। इरानी मानव अधिकार समूहकाअनुसार प्रदर्शन सुरु भएदेखि कम्तीमा ३७८ जना मारिएका छन्। *रासस/एएनआई*

# दक्षिण सुडानको हिंसाप्रति संयुक्त राष्ट्रसंघको चासो

**जुबा–** दक्षिण सुडानमा जारी रहेको हिंसाप्रति संयुक्त राष्ट्रसंघले चासो व्यक्त गरेको छ। संयुक्त राष्ट्रसंघले दक्षिण सुडानको अपर नाइल राज्यमा सुरु भएको पछिल्लो हिंसा निकै चिन्ताजनक रहेको भन्दै त्यसप्रति चासो व्यक्त गरेको हो।

अपर नाइलको फासोदा जिल्लामा यहाँका सिलक सशस्त्र समूह र नुइर विद्रोही समूहका बीचमा केही दिन यतादेखि हिंसा सुरु भएको बताइएको छ। संयुक्त राष्ट्रसंघले सो हिंसाका कारण यस क्षेत्रको वरपरका नगरहरूमा पनि असर गरेको त्यहाँका नागरिकहरू घर छोडेर भाग्ने क्रम बढ्दै गएकाले सो हिंसा रोक्न सबै पक्षका आवश्यक सहयोग र समन्वयको अपेक्षा गरिएको जनाएको छ।

गएको अगस्ट महिनामा यहाँका स्थानीय कैयौं हिंसात्मक समूहहरूका कारण ठूलो संख्याका मानिसहरू पनि विस्थापित हुन पुगेका भन्दै यसबाट यहाँका नागरिकमा त्रास बढेको बताइएको छ।

संयुक्त राष्ट्रसंघले सो हिंसामा परेर यहाँका सयौं मानिस मारिएका छन् भने हजारौं जना विस्थापित भएका छन्। विस्थापित व्यक्तिहरूको बसोबासको अवस्था नरहेको र उनीहरू देशभित्रै शरणार्थी बनिरहेकाले हिंसा रोक्नेतर्फ पहल हुनुपर्ने बताएको छ।

दक्षिण सुडानी सुरक्षा निकायहरूले यहाँको हिंसा रोक्ने प्रयत्न गरेका भए पनि धेरै युवाहरूको संलग्नता विद्रोही समूहहरूमा रहेका र उनीहरूले निकै क्रुर हिंसामा संलग्न हुदै गएकाले समस्या उत्पन्न भएको संयुक्त राष्ट्रसंघले जनाएको छ। दक्षिणी सुडानमा रहेको संयुक्त राष्ट्रसंघीय मिसनले यहाँको हिंसाको अन्त्यका लागि सबैसँग आग्रह गरेको हो। ती विद्रोही समूहहरूलाई हिंसात्मक आक्रमणको काम तत्कालै रोकेर शान्तिपूर्ण वार्ताका माध्यमबाट सबै समस्याको समाधान गर्न आग्रह गरेको हो। *रासस/सिन्ह्वा*

## विमान दुर्घटनामा चार जनाको मृत्यु

**सान फ्रान्सिस्को–** अमेरिकी राज्य वासिङटनको स्नोहोमिश काउन्टीस्थित हार्भे फिल्ड एयरपोर्टको नजिक दुर्घटना हुँदा शुक्रबार चार जनाको मृत्यु भएको छ। सेस्ना २०८ बी विमान रेन्टनबाट उडेको करिब एक घण्टापछि दुर्घटना भएको हो।

शनिबार बिहान स्नोहोमिश काउन्टी शेरिफको कार्यालयले विमानमा सवार सबै चार जनाको मृत्यु भएको पुष्टि गरेको छ। स्नोहोमिश काउन्टी मेडिकल परीक्षकले पीडितहरूको पहिचान गरिरहेको छ। साथै, यस दुर्घटनाको राष्ट्रिय यातायात सुरक्षा बोर्ड र संघीय उड्डयन प्रशासनले अनुसन्धान गरिरहेको छ।

फेडरल एभिएसन एडमिनिस्ट्रेसन वेबसाइटका अनुसार आइडेन्टिफायर टेल नम्बर एन २०६९ बी भएको दुर्घटनाग्रस्त विमान अलास्काको कपर माउन्टेन एभिएसनको स्वामित्वमा रहेको बताइएको छ। *रासस/सिन्ह्वा*

## रात्रि क्लबमा गोली चल्दा ५ को मृत्यु

**लस एन्जलस–** संयुक्त राज्य अमेरिकाको कोलोराडो राज्यस्थित रात्रि क्लबमा आइतबार भएको गोलीकाण्डमा कम्तीमा पाँच जनाको मृत्यु हुनाका साथै अन्य १८ जना घाइते भएको स्थानीय प्रहरीले जनाएको छ।

घटना राति ११:५७ बजे भएको थियो। उक्त क्लब स्थिर सहर राज्यकै दोस्रो सबैभन्दा बढी जनसंख्या भएको सहर हो। उक्त क्लब समलिंगी नाइट क्लब भएको जनाइएको छ। *रासस/सिन्ह्वा*

# अफगानिस्तानमा सडक दुर्घटना, ११ जनाको मृत्यु

**पुल–ए–खुम्री–** अफगानिस्तानको उत्तरी बाघलान प्रान्तमा शनिबार दुई छुट्टा–छुट्टै सडक दुर्घटनामा परी ११ जनाको मृत्यु हुनाका साथै अन्य ४६ जना घाइते भएका छन्।

पहिलो दुर्घटना शनिबार साँझ दुशी जिल्लाको किलागाई क्षेत्रमा दुई यात्रु बस एक आपसमा ठोक्किँदा भएको थियो, जसमा तीन यात्रुको मृत्यु भएको र सात जना घाइते भएको प्रान्तीय प्रहरी प्रवक्ता मौलावी शिर अहमद बुर्हानीले पत्रकारहरूलाई बताएका छन्।

त्यसको केही मिनेटपछि दुशी जिल्लाको सोही क्षेत्रमा अर्को यात्रुबाहक बस पल्टेर खाल्डोमा खस्दा आठ यात्रुको मृत्यु हुनाका साथै अन्य ३९ जना घाइते भएको स्थानीय ट्राफिक अधिकारी नेजामुदिनले सिन्ह्वालाई बताएका छन्। *रासस/सिन्ह्वा*


## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५। लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१। **Reachmond Books Shop** (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। **Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217**। दन्तकाली स्टेसनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेसनरी पसल – फोन नं. ९८५११२९६८६। ज्ञानज्योति पुस्तक पसल – बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेसनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि. – पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिमचुली स्टेसनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मलः स्टेसनरी– गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७। **B-Tech Nepal-** पुतलीसडक चोक, फोन नं.**9851079417, 2297501| HallMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi)** जमलको पुलमुनी– विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१–४२७६५३०, फ्याक्सः०१–४२७१३२२। दाजुभाइ स्टेसनरी – पिंगलास्थान, गौशाला, फोनः ०१–४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट –९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१– ४२२४१८१, ०१– ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - ९८१०० | प्रति तोला - ९७६०० | प्रति तोला - १२८० |




**मतदान गर्दै मन्त्री** | आइतबार सम्पन्न मतदानमा सहभागी हुँदै अर्थमन्त्री जनार्दन शर्मा । उनले यमुना नन्द नमुना माध्यामिक विद्यालय मतदान केन्द मुसिकोट न पा, ५ सेरीगाउँ रुकुम पश्चिममा मतदान केन्द्रबाट मतदान गरेका हुन् । अर्थमन्त्री शर्मा रुकुम पश्चिमबाट प्रतिनिधिसभा सदस्य पदका लागि उम्मेदवार पनि हुन् । *तस्बिरः प्रभाव संवाददाता*

# मतदान गर्दै खेतमा पुगे कृषक

**नवलपुर–** प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्यको निर्वाचनसँगै अहिले यहाँका कृषकलाई धानबाली भित्र्याउन भ्याइनभ्याइ छ । नवलपरासी (बर्दघाट-सुस्तापूर्व)को कावासोती नगरपालिका-१० का कृषकहरू मतदान गरेसँगै धानखेती स्याहार्नका लागि खेतमा पुगेका छन् ।

कावासोती-१० मगरकोटका रामबहादुर महतोले बिहानै मतदान गरेर धान थन्काउन खेतमा आएको बताए । 'बिहानै लाइन बसेर मतदान गरेँ', उनले भने, 'मतदान गरेसँगै खेतमा आएर धानबाली थन्काउने काममा लागेको छु ।' मतदानसँगै वर्षदिन खाने धानबाली भित्र्याउन पाउँदा उनी खुसी देखिन्छन् । 'धान खेती भने वर्षदिन खाने अन्न हो । तर मतदान गर्ने दिन पाँच वर्षमा एकपटक मात्रै आउँछ', महतोले भने, 'धान स्याहार्न लागेर मतदान गर्न गइएन भने विकासको काम पाँच वर्ष पछाडि धकेलिन सक्छ ।' दुई दिनअघि काटेको धानको कुनिउँ बनाउन खेतमा पुगेको बताए ।

सोही स्थानकी धनमाया सारु पनि काटेको धान उठाउन व्यस्त छिन् । कावासोती-१० स्थित जनता प्राविधिक (टेक्निकल) विद्यालय मतदान केन्द्रमा मतदान गरेर उनी खेतमा पुगेकी हुन् । 'पाँच वर्षमा आउने पर्वमा सहभागी भएँ, आफ्नो जनप्रतिनिधिले आफैँले चुन्ने कुम्भ मेलामा सहभागी हुनै पऱ्यो नि !', सारुले भने, 'मतदानसँगै आफूले वर्षभरि खाने अन्नबाली पनि थन्काउनुपऱ्यो ।'

खेतमा धान काट्ने तथा भित्र्याउने हतार भएको भन्दै सारुले पालैपालो मतदान गर्न गएको बताए । 'आज धान उठाउने मेलो छ, उता मतदान पनि छ', सारुले भने, 'काम रोक्न पनि भएन, मतदान पनि गर्न पऱ्यो । त्यसैले हामी साथीहरू मिलेर पालैपालो भोट हालेर आउँदै धान उठाउँदै गर्यौं ।' कृषकहरू मतदान गर्दै खेतमा अन्नबाली भित्र्याउन पुगेका थिए भने यहाँका युवा मतदातासमेत मतदानपछि निकै उत्साही देखिएका थिए ।

मध्यविन्दु-३ ब्रह्मस्थानका मतदाता ताराप्रसाद पोखरेल पहिलोपटक मतदान प्रक्रियामा सहभागी भएको बताउँछन् । 'मेरो मतदाता सूचीमा नाम पनि थियो । भोट हाल्ने बेला विदेशमा भएकाले मतदान प्रक्रियामा सहभागी हुन पाएको थिइनँ', पोखरेलले भने, 'यसपालि भने मतदानको तीन दिनअघि घर आइपुगेँ र आज मतदान गर्ने अवसर पाएँ ।' पहिलोपटक मतदानमा सहभागी हुन पाउँदा खुसीको सञ्चार भएको पोखरेलको भनाइ छ ।

'हामीले हाम्रा प्रतिनिधि चुनेर पठाउने दिनमा आफूलाई पनि सहभागी गराउन पाउँदा निकै खुसी लागेको छ', पोखरेलले भने, 'निर्वाचित भएर जाने जनप्रतिनिधिहरूले युवामैत्री ऐन, कानून निर्माण गरेर युवालाई विदेसिनबाट रोक्नुपर्छ ।' *रासस*

# धराशायी बन्दै उदयपुर सिमेन्ट

■ **प्रभाव संवाददाता**




**उदयपुर–** आम्दानीभन्दा खर्च बढी उच्च व्यवस्थापनको लापरबाहीले गर्दा सरकारी स्वामित्वको उदयपुर सिमेन्ट उद्योग दिनानुदिन धरासायी बन्दै गएको छ । दसैंपछि केही दिन खुलेको उद्योग छठ बिदा सकिएपछि पनि सञ्चालनमा आएको छैन ।

सरकारले सञ्चालन गर्ने औद्योगिक प्रतिष्ठान जति धरासायी बन्दै जाने निजी क्षेत्रले सञ्चालन गरेको सिमेन्ट उद्योग नाफामा छन् । विदेशी बजारमा समेत निर्यात गर्न सुरु गरेका छन् । तर, सरकारी स्वामित्वको उदयपुर सिमेन्ट उद्योग दिनानुदिन धराशायी बनेको छ । व्यवस्थापकीय नेतृत्वको लापरबाहीले उद्योग अप्ठ्यारो अवस्थामा गुज्रिएको हो । उद्योग अहिले बन्द अवस्थामा छ ।

उद्योग सञ्चालनको पहल गरि दिन त्यहाँका ट्रेड युनियनले उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई अनुरोध गरेका छन् । उच्च व्यवस्थापनले उद्योगलाई धरासायी बनाएको ट्रेड युनियनको आरोप छ । उद्योगमा आर्थिक हिनामिना र अनियमितता भएको आरोप लगाएका हुन् ।

उद्योग डुबाउने खेल सुरु भएको अखिल नेपाल औद्योगिक मजदुर संघका अध्यक्ष विश्वेश्वर पालले बताए । 'उद्योग बन्द भएपछि सञ्चालनका लागि सहजीकरण गरिदिन मन्त्रालयलाई आग्रह गरेका छौं,' पालले भने, 'सिमेन्ट बिक्रीमा पनि अनियमितता भएको छ ।' इआरपी सिस्टममा पहिला पैसा आएको देखाउने सिमेन्ट गएपछि पैसा जम्मा नभएका उदाहरण पनि रहेको पालले बताए । उद्योगले गैंडा छाप सिमेन्ट उत्पादन गर्दै आएको छ ।

उद्योग आर्थिक वर्ष २०७७/७८ मा ३० करोड ६० लाख रूपैयाँ घाटामा थियो । त्यस अघि २०७६/७७ मा पनि ३३ करोड ३६ लाख रूपैयाँ घाटा थियो । आर्थिक वर्ष २०७४/७५ मा भने १० करोड नाफामा रहेको थियो । तत्कालीन समयमा महाप्रबन्धक सुरेन्द्र पौडेल थिए । गत आर्थिक वर्ष २०७८/७९ को नाफा घाटा उद्योगले सार्वजनिक गरेको छैन । आर्थिक वर्ष २०७७/७८ सम्म ५ अर्ब ५० करोड नोक्सानी छ । निजी क्षेत्रका सिमेन्ट उद्योग करोडौं रूपैयाँ नाफा कमाउँदा सरकारी लगानीको उदयपुर सिमेन्ट सधैं घाटामा रहेको छ । अर्थ मन्त्रालयको सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा प्रतिवेदनअनुसार उदयपुर सिमेन्टमा ५ अर्ब ३७ करोड रूपैयाँ लगानी रहेको छ ।

उद्योगको आर्थिक अवस्था नाजुक बन्दै गएको र कर्मचारीले सेवासुविधा पनि नपाएको बताएका छन् । बन्द उद्योग सञ्चालन गर्न माग गरेका छन् । उद्योग ट्रेड युनियनका अध्यक्ष राधेकुमार कोइराला, नेपाल कारखाना श्रमिक संघका अध्यक्ष देवेन्द्र झा, अखिल नेपाल औद्योगिक मजदुर संघका अध्यक्ष विश्वेश्वर पाल, नेपाल औद्योगिक मजदुर संगठनका उपाध्यक्ष बुद्धिमान तामाङले उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको ध्यानाकर्षण गराउँदै उद्योग सञ्चालनको माग गरेका हुन् ।

आर्थिक अनियमितता भएको पनि ट्रेड युनियनको आरोप छ । उद्योगको क्षमता अनुसार आधा मात्र उत्पादन हुने गरेको छ । उद्योगले असार महिनादेखि कर्मचारीको सञ्चय कोष, नागरिक लगानी कोषमा रकम जम्मा नगरेको बताएका छन् । उद्योग धराशायी हुनुमा महाप्रबन्धक गोपिकृष्ण न्यौपाने गैरजिम्मेवार भएको ट्रेड युनियनको आरोप छ । चारवटा ट्रेड युनियनले अतिथि सत्कार, सवारी दुरूपयोग, अनावश्यक खर्च गरेर उद्योगको श्रोतको दुरूपयोग गरेको भन्दै यस्ता खर्च रोक्न महाप्रबन्धक न्यौपानेको ध्यानाकर्षण गरेका थिए ।

महाप्रबन्धक न्यौपानेले भने आफू माथि लगाएका आरोपमा कुनै सत्यता नभएको बताए । 'एक रूपैयाँ तल माथि गरेको छैन,' न्यौपानेले भने, 'सरकारले सहयोग गरे पूर्ण क्षमतामा चलाएर नाफामा ल्याउँछु ।' न्यौपानेले नाफामा सञ्चालन गर्ने बताए पनि उद्योग सधैं घाटामा छ । न्यौपाने २०७७ पुसमा नियुक्त भएका थिए । उनी नियुक्त भएको वर्ष आर्थिक वर्ष २०७७/७८ मा ३० करोड ६० लाख रूपैयाँ घाटा थियो । उद्योगले बिजुलीको करिब २४ करोड र कोइला खरिदमा करिब २६ करोड रूपैयाँ तिर्न बाँकी रहेको उद्योगमा कार्यरत कर्मचारी बताउँछन् ।

अहिले बन्द रहेको उद्योग दुई तीन दिनभित्रमा सञ्चालनमा आउने उनले बताए । पुराना मेसिन भएकाले सरकारले ऋृण दिएर उद्योगको मर्मत गरेर पूर्ण क्षमतामा चलाउने न्यौपानेको जिकिर छ । ३० वर्ष पुरानो उद्योगका मेसिन जीर्ण भएकाले लगानी थप्नु पर्ने उनको भनाइ छ ।

उद्योगको उत्पादन क्षमता दैनिक १६ हजार ८ सय बोरा छ । उद्योग आधा क्षमतामा मात्र चल्ने गरेको छ । गत आर्थिक वर्ष २०७८/७९ मा २१ लाख ७२ हजार बोरा सिमेन्ट बिक्री गरेको थियो । पहिला ५६/५७ ग्रेडको सिमेन्ट उत्पादन गर्दै आएको उद्योगको अहिले ग्रेडमा पनि प्रश्न उठेको छ । विगतमा १ सय रूपैयाँ महँगो हुँदा पनि बिक्री हुने उदयपुर सिमेन्टको गुणस्तरमा प्रश्न उठेपछि बिक्रीमा पनि समस्या आएको कर्मचारी बताउँछन् । सिमेन्टको लागत प्रतिबोरा ८५० रूपैयाँ परे पनि ७ सय रूपैयाँ प्रतिबोरा बिक्री गरि रहेको न्यौपानेले बताए । मासिक २ लाख बोरा उत्पादन गरे मात्र ब्रेकइभनमा जाने उनले बताए ।

'अहिले मासिक १ लाख बोराभन्दा कम उत्पादन हुन्छ,' न्यौपानेले भने, 'नाफामा जान फुलफेजमा उद्योग चलाउन सक्नु पर्छ । उद्योग पूर्ण क्षमतामा चलाउन थप ५६ करोड ७२ लाख रूपैयाँ ऋृण लगानी गर्न व्यवस्थापनले सरकार समक्ष प्रस्ताव पेस गरेको छ । थप लगानी प्रस्तावको फाइल उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय हुँदै अर्थ मन्त्रालयमा पुगेको छ । जापान सरकारको आर्थिक तथा प्राबिधिक सहयोगमा सरकारले २०४४ सालमा उदयपुर सिमेन्ट उद्योग स्थापना गरेको हो ।

# पकेटक्षेत्रकै बासिन्दा आयातित चामलमा निर्भर

■ **मिला दरै**



**डुम्रे–** तनहुँको व्यास नगरपालिका-८ बर्लाचीका ८१ वर्षीय अग्रज किसान विष्णुप्रसाद ओझालाई बजारबाट किनेर ल्याएको चामलको भातको स्वाद पटक्कै मनपर्दैन । आफ्नै खेतमा उब्जेको धानको भात खाँदै आएका उनी अहिले बजारको चामलको स्वाद मन नपरे पनि खानुपर्ने बाध्यता रहेको बताउँछन् ।

पहिले गाउँमा एउटा घरमा मसिनुको चामल पाक्दा गाउँभर नै बास्ना थाहा हुने गरेको सम्झँदै उनी भन्छन्, ' पहिले चामलको स्वाद गुलियो हुन्थ्यो । अहिले स्वाद नै फरक छ । अहिलेको धानबाट आएको चामलको गुलियोपन छैन ।' प्राङ्गारिक मल प्रयोग खेतीपातीमा गर्ने प्रचलन नै हराएको उनी बताउँछन् । विगतमा प्राङ्गारिक मल र गाईवस्तुको मल हाल्दा उत्पादन राम्रो हुनुका साथै स्वादिलो हुने गरेको उनको भनाइ छ ।

ओझा भन्छन्, 'ढिँकी, जाँतोमा कुटानीपिसानी गर्ने भएकाले पनि स्वादिलो हुन्थ्यो । अहिले विद्युतीय मेसिनमा कुटानीपिसानी हुँदा स्वाद फरक परेको हो ।' अहिले खेतीपाती गर्न खर्चिलो भएको उहाँ बताउनुहुन्छ । लगानीअनुसारको प्रतिफल हुन छाडेपछि जग्गा बाँझै राखेर बजारबाट चामलको बोरा ओसार्ने क्रम बढ्दै गएको उनको भनाइ छ । उनी भन्छन्, 'भकारीको धान निकाल्नु भन्दा बजारको बोरा बोक्न सजिलो मान्छन् मानिसहरू । दुःख किन गर्छन् र ?'

आफ्नै खेतबारीमा उत्पादन भएको धान किनेर खानुपर्ने अवस्था आएको बताउँदै उनी भन्छन्, 'अधियाँ गर्ने मान्छे पाइँदैन । खेत बाँझै रहन्छ । आफ्नो खेत ठेक्कामा दिएर उत्पादन भएको धानलाई बजारबाट किनेर चामल खानु परेको छ ।' विगतमा मड्सिरे धान मात्रै ७० देखि ८० मुरी धान उत्पादन गर्ने उनले केही वर्षदेखि आफूले खेती गर्न नसकेको बताउँछन् ।

व्यास नगरपालिका-७ का ८० वर्षीय इन्द्रबहादुर शाहीले उत्पादन गर्न नसकेपछि बजारको चामल किनेर खानुपर्ने अवस्था आएको बताए । 'खेतीपाती गर्न सकिदैन । छोराछोरी बजार झर्ने र विदेश जाने गर्दा खेतीपाती गर्दैनन् । भएको जग्गाजमिन बाँझो छ र किनेर बजारको चामल खानुपर्ने बाध्यता भएको छ,' शाहीले भने । बजारबाट किनेको चामलको मूल्य भन्दा उत्पादन लागत बढी हुने हुँदा पनि युवा पुस्ताले चासो दिन छाडेको उनको भनाइ छ ।

कृषि ज्ञान केन्द्र तनहुँका प्रमुख एवं वरिष्ठ कृषि विकास अधिकृत कुलप्रसाद तिवारीले धान उत्पादन बर्सेनि घट्दो क्रममा रहेको बताए । 'धान उत्पादन लागत बर्सेनि वृद्धि हुन्छ तर धानको मूल्य वृद्धि नहुँदा धान खेतीमा युवाको चासो छैन,' उनले भने । जिल्लामा जमिन बाँझिने क्रम बढ्दै गएको तिवारीले बताए । जबसम्म स्थानीय, प्रदेश र सङ्घ सरकारले जमिन बाँझो राख्न नपाउने नीति निर्माण गर्दैनन्, तबसम्म बाँझो जमिन बढ्दै जान्छ । चालू आर्थिक वर्षमा तनहुँमा धान उत्पादन वृद्धि हुने भएको छ । धान फुल्ने समयमा वर्षा भएकाले उत्पादन बृद्धि भएको वरिष्ठ कृषि विकास अधिकृत तिवारीले बताए । 'गत वर्षको तुलनामा यसवर्ष धान उत्पादन वृद्धि हुने अनुमान गरेका छौं', उनले भने । गत वर्ष आठ हजार सय २० हेक्टर क्षेत्रफलमा गरिएको धान खेतीबाट ३२ हजार आठ सय २४ मेट्रिकटन धान उत्पादन भएको थियो । यसवर्ष उत्पादन क्षेत्र केही वृद्धि भएको उनले बताए । यसवर्ष आठ हजार सात सय ३० हेक्टर क्षेत्रफलमा गरिएको धान खेतीबाट ३३ हजार आठ सय ४० मेट्रिकटन धान उत्पादन हुने अनुमान गरिएको तिवारीले बताए ।

कृषि पेसामा लागत वृद्धि हुने क्रम रहेकाले यसबाट विमुख हुने किसान बढ्दै गएका छन् । आफैँले उत्पादन गर्नुभन्दा किनेर चामल खान लागत कम पर्ने भएपछि दुःख गर्न युवा नचाहने बताइएको छ । धान उत्पादनका लागि धेरैखर्च बढ्दा विदेशबाट आयातित चामल किनेर खान किसानले नै थालेको व्यास नगरपालिका-८ बर्लाचीका ७२ वर्षीय अगुवा व्यक्ति दिनानाथ लम्साल बताउँछन् । उनी भन्छन्, 'पुरानो परम्परागत खेतीपाती गर्ने प्रचलन छैन ।'

व्यास नगरपालिकाअन्तर्गत साँगेफाँट, रिस्तीफाँट, सेरा, गजौडे, माझफाँट, सिसाघाट, सत्रसय, घाँसीकुवा, भानु नगरपालिकाको चुँदीफाँट, बाइसजागर, आँबुखैरेनी गाउँपालिकाको ढापटार, बन्दीपुर गाउँपालिकाको याम्पाफाँट, सत्रसयफाँट धान उत्पादनको राम्रा क्षेत्र हुन् ।

त्यस्तै देवघाट गाउँपालिकाको बेटार, म्याग्दे गाउँपालिकाको गुणादी, अकलाफाँट, शुक्लागण्डकी नगरपालिकाको फिर्दीफाँट, क्यान्दीफाँट, मान्द्रेफाँट, भिमाद नगरपालिकाको डुम्रीबेँसी, बुढुवाफाँट, बैडीफाँट, घिरिङ गाउँपालिकाको अत्रौलीफाँट, पुट्टारफाँट, ऋषिङ गाउँपालिकाको पिपलटारफाँटलगायतका क्षेत्रमा धान उत्पादन हुन्छ । धान उत्पादन हुने यी क्षेत्रमा अहिले बस्ती विस्तारसँगै घडेरीका रूपमा खण्डीकरण गर्ने, बाँझो राख्ने क्रमले उत्पादन घट्दै गएको छ । *रासस*

# आन्तरिक पर्यटकले भरियो घलेगाउँ

**लमजुङ (प्रस)–** लमजुङको क्व्होलासोंथर गाउँपालिका-३ स्मार्ट भिलेज एवं सुखी गाउँ घलेगाउँमा पर्यटकको ओइरो लागेको छ । नेपालीको महान चाड तिहार सकिएलगत्तै आन्तरिक पर्यटकको संख्या बढ्न थालेको स्थानीयले बताएका छन् । तिहार मनाएर पनि पर्यटक थप रमाइलो गर्न घलेगाउँमा पुगेका छन् । स्मार्ट भिलेज घलेगाउँ पर्यटन व्यवस्थापन समितिका कार्यालय सचिव दीर्घ घलेका अनुसार तिहारको बिदा सकिएलगत्तै पनि विदा भएकाले बिदा मनाउन पर्यटक आएका छन् ।

शनिबार दुई सयजना पर्यटक गाउँ पुगेका छन् । तिहार सकिनु, मौसम सफा हुनु र सार्वजनिक बिदाको दिन परेकाले पर्यटक घलेगाउँमा रमाउन पुगेका हुन् । यसअघि दैनिक ५०/६० जनाको हाराहारीमा पर्यटक घलेगाउँ पुग्ने गर्थे । अहिले बाटो सहज भएकाले पर्यटक घुम्न घलेगाउँ जानेका गरेका छन् । समितिका अध्यक्ष प्रेमबहादुर घलेका अनुसार बिदाको समय कटाउन विद्यार्थी, कर्मचारी मात्र नभएर परिवार नै लिएर पनि जाने गरेका छन् । गाउँ आएर मनोरम दृश्यसँग रमाउने, फोटो खिच्ने, परिवारसँग रमाउने, स्थानीय कला, संस्कृतिमा रमाउने गरेका छन् ।

पर्यटकीय घलेगाउँमा २०५६ सालबाट पर्यटन प्रवर्द्धनका कार्यक्रमसहित २०५७ बाट होमस्टे सञ्चालनमा ल्याइएको थियो । १२ घरबाट सुरु गरिएको होमस्टे अहिले ४४ घरमा विस्तार भएको छ । घलेगाउँबाट माछापुच्छ्रे, अन्नपूर्ण, लमजुङ, हिमालचुली, मनासलु, गणेशलगायतका दर्जन हिमशृंखला अवलोकन गर्न सकिन्छ । घलेगाउँ आउने पाहुँनालाई गुरुङ संस्कृति घाँटु, सोरठी, कृष्णचरित्रलगायतका पौराणिक नृत्य देखाउने गरिन्छ । गाउँमा नमुना चिया बगान, तिजे उत्तरकन्या मन्दिर छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्सप्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ